# झुलेनी पोष्ट

www.jhulenipost.com

साप्ताहिक

वर्ष ८, अंक ३८, २०७९ बैशाख ०६ मंगलवार (Jhuleni Post Weekly) 19 Apr. 2022 पृष्ठ ८, मुल्य रु. २०



झुलेनी पोष्ट साप्ताहिक

विज्ञापन प्रकाशनका लागि सम्पर्क

०८६-५९०४३६

कार्यालय :
प्यूठान न.पा.-४, बिजुवार

Email :
jhulenipyuthan@gmail.com


## गठबन्धनमा आ-आफ्नै ताल, पद बाँडफाँडमा सकस




**झुलेनी पोष्ट**
**प्यूठान**

प्यूठानमा सत्तारुढ गठबन्धन दलहरुबीच पद बाँडफाँडमा कुरा नमिलेपछि कुनै स्थानीय तहमा छुट्टा-छुट्टै, कतै दुई दलिय, कतै तीन दलिय उम्मेदवार घोषणा गर्न थालेका छन् । सत्तारुढ दलहरुले गठबन्धन कायम राखेर साझा उम्मेदवारको टुंगो नलागेसंगै अब जिल्लाभरमा सत्तारुढ दलहरुबीच एउटै गठबनधन हुने कुरा लगभग सकिएको छ । गाउँ-गाउँमा निर्वाचनको अभियान तयारी तीव्र पार्नुपर्नेमा सत्तारुढ गठबन्धन दलहरु दिनहु प्यूठान नगरपालिका ४ स्थित जुम्री स्थित होटल आयुष्मा बसेर चरण चरणमा बार्ता गरेपनि सहमतिमा पुग्न सकेका थिएनन् । दलहरुले सहमति जुटाउन नसकेपछि पालिका स्तरमा आवश्यकताको आधारमा गठबन्धन गर्ने भन्दै कार्यकर्तालाई निर्देशन दिएका थिए । यो संगै प्यूठानको झिमरुक गाउँपालिकामा नेपाली कांग्रेस र माओबादी केन्द्रबीच तालमेल गर्ने कुरा दुई दलका स्थानीय नेताहरुले सोमबार टुंगाएका छन् । यहाँ राजमो गठबन्धनबाट एक्लो भएको छ ।

यस्तै सरुमारानीमा भने सबै सत्तारुढ दलहरु मिलेर जाने गरि गठबन्दन गरेका छन् । माण्डवीमा माओबादीले एक्लै उम्मेदवारी टुंगाएर उम्मेदवारको नाम सार्वजनिक गरेको छ । स्वर्गद्वारीमा नेपाली कांग्रेस, राजमो र माओबादी केन्द्रबिच तालमेल गर्ने निर्णय भएको कुरा सार्वजनिक गरेका छन् ।

प्यूठान नगरपालिका, ऐरावती, मल्लरानी, गौमुखी गाउँपालिकामा स्थानीय स्तरमै सत्तारुढ दलहरुबिचमै तालमेल गर्नेगरि संवाद भइरहको नेपाली काँग्रेस प्यूठानका साभाति बिष्णुकुमार गिरीले जानकरी दिए ।

**बाँकी ३ पेजमा**

## प्यूठानको माण्डवीमा सत्तारुढ दल र विप्लवबीच चुनावी तालमेल

प्यूठानको माण्डबी गाउँपालिकामा सत्तारुढ गठबन्धनमा आबद्ध दल र विप्लव नेतृत्वको नेकपाले चुनावी तालमेल गर्ने निर्णय गरेका छन् । उनीहरुले भागबण्डा पनि टुंग्याएका छन् । गठबन्धनमा आबद्ध दलहरुको बैठकले गाउँपालिका अध्यक्षमा नेकपा माओवादी केन्द्र र उपाध्यक्षमा नेपाली कांग्रेसका उम्मेद्वार उठाउने सहमति गरेको छ । सहमति अनुसार अध्यक्षमा माओवादीले नवराज अधिकारी रोसनलाई उम्मेद्वार बनाउने छ । उपाध्यक्षका उम्मेद्वार भने कांग्रेसले पछि तय गर्ने छ । यस्तै वडाध्यक्षहरुको भागबण्डा पनि टुंगिएको छ । जस अनुसार विप्लवको दलले वडा नं.१ र ४ मा वडाध्यक्ष पाउने छ । यस्तै वडा नं.२ मा कांग्रेस, ३ मा माओवादी केन्द्र र ५ मा राष्ट्रिय जनमोर्चाले वडाध्यक्ष पाएको छ ।

## जीवनको रङ्ग

## अनुभवले सिकायो सडक छेउमा बसेर तरकारी बेच्न

**गिता गौतम**
**झुलेनी पोष्ट, प्यूठान**




प्यूठानमा एक महिलाले तरकारी खेती सँगै सडकमै तरकारी व्यापार गरेर परिवार पाल्दै आएकी छन् । प्यूठान नगरपालिका ८ खप्रेङखोलाकी सिमादेवी घर्तीले तरकारी खेती सगैं व्यापार पनि सुरु गरेर स्वरोजार बनेकी हुन् । उनले शनिबार बाहेक प्रत्येक दिन प्यूठान नगरपालिका ४ जुम्री स्थित बाटो नजिकै रहेको आँप रुखको ओत लाग्दै चर्को घाम पानी खेपेर तरकारी व्यापार गर्ने गर्दछिन् । घर्तीको श्रीमान प्रदेशमा छन् । उनलाई श्रीमानको कमाइको भर पर्नुपर्दैन । २ छोरा र २ छोरीको पालनपोषण देखि पढाई लेखाइ खर्च समेत उनकै कमाइले धानेको बताउँछिन । घर्तीले ढाई रोपनी जग्गा बन्दगी लिएर तरकारी खेती गर्न थालेको करिव ७ वर्ष पुग्यो भने सडकमै तरकारी व्यापार गर्न थालेको २ वर्ष भएको छ ।

मौसमी र वेमौसमी तरकारी उत्पादन गरी बजारमा अन्य व्यापारी भन्दा २० रुपैयाँ सस्तो दरमा तरकारी बिक्री गर्दै आएको उनले बताइन् । यसले तरकारी किनेर खाने उपभोक्तालाई समेत राहत मिलेको छ । उपभोक्ताको आवाश्यकता अनुसार तरकारी पुर्‍याउदै आएको घर्तीले बताइन । उनले उत्पादन गरेको अर्गानिक तरकारीको साथसाथै सस्तो मुल्यमा तरकारी पाउदा उपभोक्ता पनि खुशी छन ।

पहिले उनले तरकारी उब्जाउने काम सगैं आफुले उब्जाएको तरकारी प्यूठानको मुख्य व्यापारीक केन्द्र बाग्दुलासम्म पैदल हिडेर बिक्री गर्न ल्याउथिन । सिजनको बेला तरकारी बिक्री

**बाँकी ३ पेजमा**

## हाम्रो नजर

## चैते धान रोप्ने किसानलाई साधुवाद




*प्यूठानमा चैते धान रोपाई सुरु भएको छ । प्यूठान नगरपालिका वडा नं.८ गेजबाङ्, ९ र १० को मरन्ठाना, वडा २, ३ चितिखोला र ऐरावती गाउँपालिका २ बरौलाका फाँटमा अहिले किसानलाई धान रोप्न भ्याइनभ्याइ छ । ऐरावती क्षेत्रमा कतिपय स्थानमा पहिले देखिनै चैते धान रोप्ने गरेपनि नगरपालिका क्षेत्रमा गतवर्ष देखि चैतेधान रोप्न सुरु गरिएको हो । प्यूठानमा चैते धान रोप्नका लागि आधुनिक मेसिनको समेत प्रयोग गरिएको छ । जिल्लाका करिब ७ सय रोपनी क्षेत्रमा चैते धान यस पालि रोपिएको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना एकाई प्यूठानले जनाएको छ । गहुँ बाली भित्र्याए लगतै किसानहरुले धान रोपाई सुरु गरेका हुन ।*

*चैतमा धान रोप्दा एक सिजनमा दुई बाली उत्पादन गर्न सक्ने र यसबाट किसानको आम्दानीमा पनि बृद्धि हुने भएकाले प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना इकाइ प्यूठानले चैतेधान रोप्न किसानलाई सहजिकरण गर्न थालेको छ । यसले गर्दा किसानहरु हौसीएका छन् । किसानले गहुँ बाली भित्र्याए पछि “चैते ५ र हर्दिनाथ १” जातका धान रोप्न थालेका छन् । गत वर्ष प्यूठान नगरपालिका वडा नं. २ क्वाँडीमा यो धान परिक्षणका लागि रोपिएको थियो । त्यसबाट राम्रो उत्पादन भएपछि यसपालि धेरै किसानले यि दुई जातका धान रोप्न लागेका हुन् । धान रोपेपछि उत्पादन दिन १ सय २५ देखि १ सय ३० दिनसम्म लाग्छ । चैतको दोस्रो हप्तातिर धान रोपेर असार १५ सम्ममा धान भित्र्याउन*

**बाँकी ५ पेजमा**

## विपद्को पूर्व तयारीको खाँचो



*ऐरावती गाउँपालिका वडा नं.४ तिल्केनीमा आगोलागी हुदाँ ४ जनाको घरगोठ जलेर नष्ट भएको छ । यसै शनिबार दिउँसो तिल्केनीका ज्ञानबहादुर गुरुङको घरबाट एक्कासी सुरु भएको आगोलागी सोही ठाउँका गिरबहादुर खत्री, सुन्दर गुरुङ, डिल बहादुर गुरुङको घर पूर्ण रुपमा जलेर नष्ट भएको छ । आगोलागी हुदाँ यी परिवारको नागरिकता, अन्य लालपुर्जा, प्रमाणपत्र, केही नगद सहित २० वटा बाख्रा, लत्ता-कपडा, अन्नपात सहित घरमा भएका सम्पूर्ण सामानहरु जलेर नष्ट भएको प्रहरीले जनाएको छ । आगलागीमा परेर स्थानीय गिर बहादुर खत्रीको घरमा भएको सामान सहित ६ लाख १६ हजार बराबरको सामान ,सुन्दर गुरुङको करिव २ लाख,डिल बहादुर गुरुङको नगद रु. २ लाख सहित ७ लाख बराबरको क्षती भएको वडाध्यक्ष शंखर भण्डारीले जानकारी दिए । त्यस्तै ज्ञान बहादुर गुरुङको साढे ९ लाख बराबरको क्षती भएको छ । स्थानीयहरुले प्रहरीलाई खबर गर्नासाथ कैरनबाट प्रहरीको टोली पुगेको भनिएपनि आगो निण्नत्रणमा लिन सकिएन । क्षति भएरै छाड्यो । घरहरु नजिक नजिक भएकाले आगो नियन्त्रणमा ल्याउन नसकिएको प्रहरीको भनाइ छ ।*

*विजुलीको तार सर्ट भएर आगोलागी भएको हुन सक्ने प्रहरी र स्थानीयले अनुमान गरेका छन् । केटाकेटी खेल्ने गर्दा, बिजुली सर्ट भएर, लापरबाहीका कारण आगलागी हुने गर्छ । स्थानीय स्तरमा आगलागी हुन नदिनको लागि सरोकारवाला निकायले सचेतना जगाउने कार्यक्रमहरु ल्याउन जरुरी हुन्छ । स्थानीय सरकारहरुले विपदको पूर्व तयारी गरेको पाइदैन यसमा पनि ध्यान दिनेकी ?*

झुलेनी पोष्ट
सम्पादकीय....

## महिला उम्मेदवारलाई उप-प्रमुखमै नखुम्च्याउ

स्थानीय तहमा अहिले लगभग ४१ प्रतिशत महिला जनप्रतिनिधि छन् । राज्यले निर्वाचन प्रणालीमै लिएको आरक्षण नीतिका कारण प्राय: पुरुषको कब्जामा रहने राजनीतिक वृत्तमा महिला सहभागिता उल्लेख्य बढ्न सकेको हो । यसबाट स्थानीय नीति निर्माणमा महिला सहभागिता र अपनत्व सुनिश्चित मात्र भएको छैन, स्वयं महिलाका सवालहरु पनि पहिलेभन्दा बढी चर्चामा आउन थालेका छन् । यो प्रतिनिधित्वलाई अझ अर्थपूर्ण बनाउन कार्यकारी पदहरुमै बढीभन्दा बढी महिला निर्वाचित गर्न र यसतर्फ उनीहरुको क्षमता अभिवृद्धि गर्न जरुरी छ । तर, स्थानीय तहको आगामी निर्वाचनका लागि सत्तापक्ष र प्रतिपक्षी दलहरु जसरी चुनावी तालमेल तथा गठबन्धन गरेर अघि बढ्दै छन्, यसबाट भने भइरहेकै प्रतिनिधित्व पनि घट्ने चिन्ता बढेको छ ।

स्थानीय तह निर्वाचन ऐनको दफा १७(४) ले राजनीतिक दलले स्थानीय तहका अध्यक्ष र उपाध्यक्ष वा प्रमुख र उपप्रमुख पदमा उम्मेदवारी दिँदा ५० प्रतिशत महिला हुनुपर्ने व्यवस्था गरेको छ । त्यही दफामा दुईमध्ये एउटा पदमा मात्रै उम्मेदवारी दिने दलको हकमा यो व्यवस्था बाध्यकारी नहुने उल्लेख छ । यस्तो प्रावधानले गर्दा दलहरूले तालमेल गरेमा फरक-फरक दलबाट प्रमुख/उपप्रमुखमा उम्मेदवार तोक्दा दुवै पदमा पुरुष छनोट हुने सम्भावना त्यसै उच्च हुन्छ । यस क्रममा महिला प्रतिनिधित्व दलहरुको विवेकमा मात्रै भर पर्ने देखिन्छ । यही कारण दलहरुबीचको गठबन्धन कतै महिला प्रतिनिधित्व घटाउने कारक त बन्दैन भन्ने भय बढेको हो ।

ऐनको यही प्रावधानलाई मध्यनजर गरी निर्वाचन आयोगले केही दिनअघि “एक मात्र पदमा उम्मेदवार दिने दलको हकमा महिला मनोनयनको व्यवस्था गर्न” निर्देशन दिएको थियो । तर उक्त निर्देशनप्रति दलहरूले आपत्ति जनाएपछि आयोगले “व्यवस्था” को स्थानमा “ प्राथमिकता” दिए पुग्ने भनेको छ । राजनीतिमा महिला सहभागिताको सवालमा दलहरु अन्तरात्माबाटै उदार छैनन् । खासमा संविधानको मर्मअनुसार आरक्षण बाहेकका पदमा पनि उम्मेदवार मनोनयन गर्दा कम्तीमा एक तिहाइ महिला र सामाजिक विविधता झल्कनु पर्ने हो । तर, आरक्षण दिइएकै छ भनेर महिलालाई गैरआरक्षित ठूला तथा कार्यकारी पदमा ल्याउन दलहरूले जरुरी ठानेको देखिँदैन । दलहरूले अध्यक्ष र प्रमुखको उम्मेदवारमा पुरुषलाई प्राथमिकतामा राख्दै आएका छन् । धेरै महिलालाई उपाध्यक्ष र उपप्रमुखमै खुम्च्याउन थालिएको छ । यसले सक्रिय राजनीतिमा महिलालाई स्वीकार गर्न अझै कठिन छ भन्ने देखाउँछ ।

# जनता के चाहन्छन् ?



**बबिता बस्नेत**

***प्रजातन्त्रमा निर्वाचन महत्वपूर्ण पक्ष हो तर उम्मेद्वारहरूले आफूले बोलेको बोलीको उत्तरदायित्व नलिँदा मानिसलाई निर्वाचनमा त 'मान्छेले जे पनि भनिहाल्छन् नि' भन्ने भएको छ । जनताले चाहने कुरा सामान्य छन् तर निर्वाचनका बेला बाँडिने सपना भने असामान्य प्रकारका हुने गरेका छन् ।***

स्थानीय निर्वाचन नजिकिँदै जाँदा राजनीतिक दलहरू घोषणापत्र बनाउनमा तल्लिन छन् । यो राख्ने, त्यो राख्ने, गर्न सक्ने/नसक्ने कुरासँग खासै वास्ता नगरी सकेसम्म धेरै कुरा राख्ने होडमा छन् । कुन दलको घोषणापत्र राम्रो छ त्यहीअनुरुप भोट बढी आउँछ भन्ने विगतको मान्यता अहिलेसम्म जारी छ । स्थानीय निर्वाचनमा उम्मेद्वार बन्ने मान्छे आफ्नै गाउँ-ठाउँका भएको र त्यहाँ उठ्ने एवम् भोट हाल्ने मान्छे पनि वरिपरिकै भएका कारण आफ्नो ठाउँमा के चाहिएको छ ? जनता के चाहन्छन् ? जनप्रतिनिधि बनिसकेका र बन्न चाहनेहरूलाई स्वत: जानकारी हुनुपर्ने हो तर थाहै नभए जस्तो गरी फूलबुट्टा भरेर घोषणापत्र नामको 'सपना पत्र' बनाउने काम भइरहेको छ । यो वर्ष घोषणापत्र बाँड्दै गर्दा पाँच वर्षअगाडिको घोषणापत्रमा उल्लेख भएका के-के कुराहरू पूरा भए ? के-के भएनन् ? भएनन् भने किन भएनन् ? पुराना जनप्रतिनिधिहरूले यस्ता कुराको जानकारी सर्वसाधारणलाई दिन सके विश्वासको वातावरण बन्न सक्छ । यदि पुराना प्रतिबद्धतालाई बेवास्ता गरेर अगाडि बढ्ने हो भने जनताले प्रतिबद्धताको चाङ मात्रै प्राप्त गर्नेछन् । जुन विगतदेखि अहिलेसम्म हुँदै आएको छ । उम्मेद्वारहरूले आफूले जितेपछि यो-यो काम गर्छु भनी किटेर घोषणा गर्ने तर कामचाहिँ नगर्ने गर्दा निर्वाचनकै बदनाम हुन थालेको छ । प्रजातन्त्रमा निर्वाचन महत्वपूर्ण पक्ष हो तर उम्मेद्वारहरूले आफूले बोलेको बोलीको उत्तरदायित्व नलिँदा मानिसलाई निर्वाचनमा त 'मान्छेले जे पनि भनिहाल्छन् नि' भन्ने भएको छ ।

पाँच वर्षअघिका घोषणापत्र हेर्ने हो भने अहिले मुलुकका धेरै शहरहरू 'स्मार्ट' बन्नुपर्ने हो । स्मार्ट सिटीको अर्थ के हो थाहा नपाई 'स्मार्ट सिटी' बनाउने भनी भाषण गर्नेहरूको सङ्ख्या ठुलो थियो । विद्यासुन्दरको पालामा काठमाडौंको हालत कसरी गुज्रियो सबैले भोगेकै छौँ । अन्य शहर र गाउँहरूमा पनि यदि जनप्रतिनिधिहरूले बोलेको कुरा पूरा गरेको भए अहिले अवस्था फरक हुन सक्थ्यो । शहर-बजारको हकमा जनताले चाहने फोहोरको उचित ब्यवस्थापनसहितको सफा शहर, खानेपानी, बिजुलीबत्ति, इन्टरनेट, शिक्षा र स्वास्थ्यको सुविधा, ट्राफिक जामको ब्यस्थापनलगायतका कुरा हुन् । गाउँको हकमा बाटोघाटो, पुलपुलेसा, बिउबिजन, मललगयत कृषिका लागि आवश्यक कुराहरू एवम् आफूले उत्पादन गरेका बस्तुको बजार ब्यवस्थापन । जनताले चाहने कुरा सामान्य छन् तर निर्वाचनका बेला बाँडिने सपना भने असामान्य प्रकारका हुने गरेका छन् ।

अहिले हामीकहाँ ६ वटा महानगरपालिका, ११ वटा उपमहानगरपालिका, २७६ वटा नगरपालिका, ४६० वटा गाउँपालिका गरी ७५३ स्थानीय संरचना छन् । वडामा विभाजित गरेर हेर्दा जम्मा ६ हजार ७ सय ४३ वटा वडा रहेका छन् । यसरी हेर्दा वडा निकै सशक्त संरचना हो । जग बलियो भए घर बलियो हुन्छ भन्ने हाम्रो नेपाली भनाइ छ । ६,७४३ वटा वडाबाट हामीले उक्त वडालाई पुग्ने दुध, तेल, बेसार, अदुवा, तरकारीलगायतका भान्सामा प्रत्येक दिन आवश्यक पर्ने सामानसहित खाद्यान्न, लत्ता कपडा, जुत्ता चप्पल, साबुनलगायतका सामानहरू वडास्तरमै उत्पादन गर्न सकियो भने त्योभन्दा ठुलो विकास के होला ? घर-घरबाट अहिले युवाहरू वैदेशिक रोजगारमा गएका छन् । आफ्नै वडामा कपडा उद्योग, साबुन उद्योग, तेलको मिल, जुत्ता कारखाना, कृषि फार्म, बिउबिजनका दोकान, घिउ उत्पादन गर्ने डेरी, खसी बाख्रा, कुखुरा पालन, साथमा यी र यस्ता ब्यवसायका लागि सिपको तालिम । यस्ता उद्योग ब्यवसाय आफ्नै गाउँ-ठाउँमा स्थापित भए कुन युवा ऋण खोजेर विदेश जालान् ? यी गर्नै नसकिने काम पनि होइनन् ।

मतदाताहरूले बिनास्वार्थ राम्रा मानिसहरू हेरेर मतदान गरेमा निश्चय नै राम्रो नेतृत्व आउने छ । यस्तो नेतृत्व जसले आफ्नो सुविधाभन्दा जनताको सुविधालाई ध्यान देओस् । यस्तो नेतृत्व जसले कर्मचारीलाई बजेट मिलाउन नभइ सही ठाउँमा लगानी गर्न निर्देशन दिओस्, यस्तो नेतृत्व जसले आफ्नो गाउँ-ठाउँमै उद्योग ब्यवसाय स्थापना गर्ने सपना देखोस् र त्यसलाई ब्यवहारमा उतारोस् ।

गाउँ-गाउँ र शहरबाट अहिले हाम्रो ठुलो रकम चाइनिज र भारतीय कपडामा लगानी भइरहेको छ । हामीले लगाउने सारी, कुर्ता, सल, ओड्ने ओछ्याउने, सर्ट पाइन्ट, जुत्ता चप्पल सबै नै भारत र चीनबाट आउँछन् । यी सामानहरू बनाउने कच्चा पदार्थ के हो ? कसरी बनाउने हो ? सीप सिक्नका लागि सुरुमा हामी बाहिरबाट मानिस मगाउन सक्छौँ । तिनले सिकाएपछि सिक्नेहरूले सिकाउने व्यवस्था गर्न सकिन्छ । हामीले नुहाउने साबुन, स्याम्पो र लुगा धुने सर्फमा ठुलो रकम बाहिरिन्छ । जुन कुरा हामीले वडास्तरमा सहजै गर्न सक्छौँ । यसले ब्यक्तिलाई रोजगारी मात्र दिँदैन मुलुकको आत्मनिर्भरता पनि बढाउँछ । यस्ता कुराहरूको सपना देख्ने र त्यसलाई पूरा गर्ने इच्छा शक्ति भएका वडाध्यक्षहरू अहिले हामीलाई चाहिएको छ । झट्ट हेर्दा मेयर या अध्यक्ष ठुलो देखिए पनि वडाध्यक्ष र सदस्यहरू निकै शक्तिशाली पद हुन् । जसलाई आ-आफ्नो स्थानमा राम्रो काम गराउन मेयर या अध्यक्षको ठुलो भूमिका हुन्छ ।

नेता र कर्मचारीले इमान्दारीपूर्वक काम गर्ने हो भनेँ हाम्रो जस्तो सानो देश बनाउन गाह्रो छैन । असल नेतृत्व छान्नका लागि भने एक मात्र भूमिका हामी जनताको छ । यसपटकको स्थानीय निर्वाचनमा १ करोड ७७ लाख ३३ हजार ७२३ मतदाताले मतदान गर्दैछन् । मतदातामध्ये ८९ लाख ९२ हजार १० जना पुरुष, ८७ लाख ४१ हजार ५३० जना महिला र १८३ जना अन्य रहेका छन् । यी सबै मतदाताहरूले बिना स्वार्थ राम्रा मानिसहरू हेरेर मतदान गरेमा निश्चय नै राम्रो नेतृत्व आउने छ । यस्तो नेतृत्व जसले आफ्नो सुविधाभन्दा जनताको सुविधालाई ध्यान देओस् । यस्तो नेतृत्व जसले कर्मचारीलाई बजेट मिलाउन नभइ सही ठाउँमा लगानी गर्न निर्देशन दिओस्, यस्तो नेतृत्व जसले आफ्नो गाउँ-ठाउँमै उद्योग ब्यवसाय स्थापना गर्ने सपना देखोस् र त्यसलाई ब्यवहारमा उतारोस् ।

स्थानीय निर्वाचनमा उम्मेद्वारहरूले विगतका गल्तीबाट पाठ सिक्नुपर्छ । सबै गल्ती आफैले मात्र गरेर साध्य छैन, अरुको गल्तीबाट सिक्ने नेतृत्व आओस् । गत निर्वाचनले स्थानीय तहमा ४१ प्रतिशत महिलाहरूको सहभागिता गरायो । हाम्रो जस्तो मुलुकमा यो निकै राम्रो सहभागिता हो । महिलासँगै अन्य लिङ्गीको पनि सहभागिता बढाउने अवस्था यो निर्वाचनमा हुनु आवश्यक छ । अहिले २.३९ प्रतिशत

बाकी ६ पेजमा

नगरबासीलाई अनुरोध

व्यक्तिगत घटना दर्ता सप्ताह कार्यक्रम

२०७९ साल वैशाख १ देखि ७ गतेसम्म

जन्म, मृत्यू, विवाह, बसाईसराई र सबन्ध विच्छेद जस्ता घटना आफ्नो स्थायी वडा कार्यालयमा गई घटना घटेको ३५ दिन भित्रै व्यक्तिगत घटना दर्ता गरौं, गराऔं ।

अनुरोधक
प्यूठान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, विजुवार प्यूठान

प्यू.जि.प्र.का.द.नं. : ११/०७०/०७१
जि.हु.का.द.नं. : ९/०७२/०७३

झुलेनी युनाइटेड नेटवर्क प्रा.लि. प्यूठानद्वारा प्रकाशित समाचारमुलक पत्रिका
झुलेनी पोष्ट साप्ताहिक

# मतदाताको विवेककै चरम भ्रष्टीकरण



**अच्युत वाग्ले**

***निर्वाचन आयोग अव्यावहारिक नीतिनियम बनाउने, तिनको कार्यान्वयन बिलकुलै गर्न नसक्ने र आफ्नो संवैधानिक अधिकारको प्रयोग पनि दृढतापूर्वक गर्न नसक्ने लुते नियामकमा खस्किने क्रममा मात्रै पूर्णविराम लाग्न सके पनि मुलुकले ठूलै राहत पाउँछ ।***

वर्तमान राजनीतिक बहस निर्वाचित राजनीतिक नेतृत्व भ्रष्ट भएका कारण लोकतान्त्रिक प्रणालीहरू जोखिममा परेको तर्कतर्फ एकोहोरिएको छ। नेपाल मात्रै होइन, संसारभरिकै बहसमा यस्तो एकांगीपन छ। यसको अर्को अहम् पाटो, नेतालाई निर्वाचित गरेर राज्य सञ्चालनको जिम्मेवारी सुम्पने मतदाता नै भ्रष्ट हुँदै गएका कारण लोकतन्त्रको भविष्य कति जोखिममा परेको छ त ?

यो गम्भीर प्रश्नतर्फ भने कम ध्यान गएको छ। साथै, वर्तमान युवा पुस्ताको राजनीतिमा असहभागिता र मोहभंग हुने क्रम उत्तिकै बढ्दो छ। यसले गर्दा मानव सभ्यताले सबभन्दा अब्बल ठहऱ्याएको लोकतान्त्रिक पद्धतिको भविष्यमाथि नै संशयहरू पैदा भएका छन। नेपालजस्ता लोकतन्त्र संस्थागत नभएका मुलुकहरूमा मतदाताले 'विवेकको मत' नहाल्ने हदसम्म 'पैसाको राजनीति' हावी भएको छ। पश्चिमा लोकतन्त्रहरूमा अत्यन्त कम मत खस्ने र यही कारण मत परिणामहरू अनपेक्षित ढंगले लोकतन्त्रप्रतिकूल, उग्रराष्ट्रवाद वा दक्षिणपन्थको पक्षमा आउने प्रवृत्ति देखिएको छ।

नेपाल स्थानीय चुनावको संघारैमा छ। संसदीय चुनाव पनि केही महिनाभित्रै हुनुपर्नेछ। सबै प्रकृति र तहका चुनाव जित्न उम्मेदवारहरूले गर्ने सीमातीत खर्चका अत्यासलाग्दा परिदृश्यहरू आम अनुभवका विषय भइसकेका छन्। यो विकृति पार्टीका आन्तरिक चुनावहरू र गैरराजनीतिक संगठनका चुनावहरूमा समेत उत्तिकै फैलिइसकेको छ। नेपाली कांग्रेसका पूर्वमहामन्त्री शशांक कोइरालाको, गएको संसदीय चुनाव जित्न ६ करोड रुपैयाँ खर्च गरेको, सार्वजनिक स्वीकारोक्तिपछि चुनाव खर्चको चर्चाले थोरै आयतन पाएको छ।

विडम्बना कस्तो छ भने, औसत आकारको जनसंख्या भएको कुनै पनि चुनाव क्षेत्रबाट चुनाव लड्न अथवा जित्न कोइरालाले भनेजति नै रकम खर्च हुने कुरा आम जानकारीको र अनुभवको विषय भइसकेको छ। एउटा नगरपालिकाको मेयर जित्न पनि ३ करोडदेखि ६ करोड रुपैयाँ नै खर्च लागेको पाँच वर्षअघिकै दर्जनौं प्रत्याशीहरूले बताउँदै आएका छन्। तर यो तथ्यलाई सहजै स्विकार्ने हिम्मत उम्मेदवार, दल र निर्वाचन आयोग कसैले गरेका छैनन। अहिले आयोग उल्टै कोइरालालाई प्रस्टीकरण सोध्ने अभिनय गरिरहेको छ। र, विगतका निर्वाचनहरूमा जस्तै उम्मेदवार हरूका लागि सर्वथा अव्यावहारिक खर्च सीमा तोकेर आफ्नै निर्देशनहरू उल्लंघन गर्न अप्रत्यक्षतः प्रोत्साहन गरिरहेको छ।

निर्वाचनको खर्च अत्यधिक बढेका कारण पैसावाल र विशेष गरी कालो धन चलाउन सक्नेहरूको कब्जामा सिंगो राज्यसत्ता परिसकेको छ। इमानदार, त्यागी र बौद्धिकहरूको पहुँच र भूमिका विधिनिर्माण एवम् राज्यसञ्चालनमा शून्यप्रायः भइसकेको छ। चुनाव खर्चलाई लगानी मान्ने र पदमा पुगेपछि खर्चको दसौं गुणा असुल्ने अभीष्ट र अभ्यास दुवैले लोकतन्त्रलाई कुरूप 'कर्पोरेट' बनाउँदै लगेको छ। कथम् राजनीतिमा आउने नयाँ पुस्ताको ध्येय, यसर्थ, छोटो बाटोबाट धनी हुनेछ। तिनमा मुलुक, जनता र लोकतन्त्रप्रति समर्पणभावको अंश छैन। यही कारण राज्यसंयन्त्र भ्रष्टाचारको पर्याय भएको हो।

## सुधारको बहस

निर्वाचन प्रणालीमा सुधार गर्ने, कुनै मापदण्ड बनाएर उम्मेदवारहरूको चुनाव खर्च राज्य आफैंले बेहोर्ने, दलहरूमा आन्तरिक लोकतन्त्र सुदृढ गर्ने आदि तर्कहरू छिटफुट सुनिन्छन्। तर, व्यवस्थित अध्ययन र तथ्यांकहरूमा आधारित भरपर्दा सुधारहरूको प्रयासको थालनीसम्म पनि कतैबाट भएको छैन। लोकतन्त्रको जग मानिने मतदाता नै भ्रष्ट हुने अवस्था आइसक्दा पनि सरकार, आयोग, दल र नागरिक समाज सबै चुप छन्; उपायहीन, निरीह र किंकर्तव्यविमूढ देखिन्छन्। त्रिभुवन विश्वविद्यालयमा रहेको नेपालको एक मात्र राजनीतिशास्त्र विभाग बन्द हुने दिशातर्फ उन्मुख छ। केही एनजीओले आफूअनुकूल गराउने 'कन्सल्टेन्सी' अध्ययनहरूले तात्त्विक परिणाम ल्याउने अपेक्षा गर्न सकिँदैन।

तथापि, अन्तर्राष्ट्रिय अध्येताहरूले चुनाव, त्यसमा हुने भ्रष्टाचार र लोकतन्त्रको भविष्यको अनिश्चितताबीचको अन्तरसम्बन्धबारे चिन्तन, अध्ययन र चिन्ता गरिरहेका छन्। उदाहरणका लागि, वर्ल्ड इकोनोमिक फोरमले सन् २०१६ मा प्रकाशित गरेको ' लोकतन्त्र भ्रष्टाचार र लालचसँग बिक्री भयो' शीर्षक विश्लेषणमा जाफेट ओमोजुवाले लेखेका छन्, 'विगतमा चुनावलाई अवमूल्यन गरेर सत्तामा पुग्ने तानाशाहहरू हुने गर्थे, अहिले हामीसँग चुनावले सिंहासन चढाएका र वैधानिकता दिएका तानाशाहहरू (सत्तामा) छन्।' एमआईटीका प्रोफेसर फ्रेडरिक चार्ल्स सफरको 'ह्वाट इज भोट बाइङ ?' शीर्षकको सन् २००२ मा प्रकाशित शोधपत्रमा मतदाताले आफ्नो राजनीतिक अधिकारलाई किन यसरी बेच्न चाहन्छ भन्ने विश्लेषण छ। सन् १८३० को दशकमा बेलायतमा मत बिक्रीलाई जन्मसिद्ध अधिकारझैं मानिन्थ्यो भन्ने उनको तर्क छ। लन्डन स्कुल अफ इकोनोमिक्सका प्राध्यापक विलियम कोलाहानले गरेको 'सोसल क्यापिटल एन्ड करप्सन : भोट बाइङ एन्ड द पोलिटिक्स अफ रिफर्म इन थाइल्यान्ड' शीर्षक शोध (पर्सपेक्टिभ्स अन पोलिटिक्स, अंक ३, नं. ३, सन् २००५) मा यस्तो मत किन्ने अभ्यासले 'नकारात्मक नागरिक सामाजिक पुँजी (नेगेटिभ सिभिल सोसल क्यापिटल)' निर्माण गर्ने र त्यसको सिकार लोकतन्त्र हुने उल्लेख छ।

मतदाताले कुन अवस्थामा भ्रष्ट राजनीतिकर्मीलाई भोट हाल्छन् भन्ने विषयमा न्युयोर्क सिटी विश्वविद्यालयका राजनीतिशास्त्रीहरू म्याथ्यु विन्टर्स र रेबेका विट्ज-सापिरोको खोजपत्रले दुइटा मान्यता (हाइपोथेसिस) को सेरोफेरोमा धेरै मुलुकलाई आफ्नो अध्ययनमा समेटेर यसलाई पर्गेल्ने कोसिस गरेको छ (हेर्नुस्, ल्याकिङ इन्फर्मेसन अर कन्डोनिङ करप्सन : ह्वेन डु भोटर्स सपोर्ट करप्ट पोलिटिसियन्स ?, जर्नल अफ कम्पेरेटिभ पोलिटिक्स, अंक ४५, नं. ४ पृ. ४१८-४३६, सन् २०१३)। पहिलो मान्यतामा, मतदाताहरू आफूले चुन्ने नेता भ्रष्ट छ भन्ने जानकारीको अभावमा उसलाई भोट हाल्छन्। यो धेरै अस्वाभाविक होइन। दोस्रो, जसलाई लेखकहरूले लेनदेन (ट्रेडअफ) को मान्यता भनेका छन्, त्यसमा नेता भ्रष्ट हो भन्ने थाहा हुँदाहुँदै पनि उसैलाई भोट हाल्छन्। किन ? मतदाताहरूलाई लाग्छ, भ्रष्ट भए पनि उसले सार्वजनिक सेवाप्रदायचाहिँ राम्रै गर्छ; त्यसैले उसको भ्रष्टाचारलाई देखेको नदेख्यै (कन्डोन) गरिदिनुपर्छ।

सिंगो प्रणाली नै भ्रष्ट भयो, ओमोजुवाले भनेझैं चुनाव भ्रष्ट तानाशाहहरूको सत्तारोहणलाई वैधानिकता मात्र दिने औजार मात्र बन्दै गयो अथवा मतदाता आफैं भ्रष्ट भएर मतबिक्रीमा संलग्न भयो भने लोकतन्त्र के हुन्छ भन्ने विषयमा अत्यन्तै कम खोज-अनुसन्धान भएको छ। एक त, विन्टर्स र सापिरोले शोध गरेका मान्यताभन्दा धेरै फरक, मतदाताको 'ट्रेडअफ' भ्रष्टाचार र सार्वजनिक सेवाप्रदायबीच नभएर नेताले गर्ने ठूलो भ्रष्टाचार र मतदाताले लिने तत्क्षणको सानो रकम वा भोजभतेर हुन थालेको छ। दोस्रो, पैसा वा प्रत्यक्ष लाभ पाए आफ्नै भविष्य अन्धकार हुने गरी जोसुकैलाई भोट 'हाल्दिने' मतदाताको व्यवहार आम हुन थालेको छ।

लोकतन्त्रको सबभन्दा आधार भूत पक्ष भनेकै मताधिकारका रूपमा बालिगहरूको विवेकले दिएको 'म्यान्डेट' ले उनीहरूकै हितमा सञ्चालन हुने राज्यसत्ता हो। यस्तो मताधिकार दिँदा आमजनता वा लोकको विवेक सधैं दैवी चेतसरह शुद्ध र इमानदार हुन्छ, आफ्नो हितको रक्ष गर्न सदैव सक्षम हुन्छ भन्ने मान्यतामा लोकतन्त्र टिकेको छ। तर, यो मताधिकारको प्रयोग नै भ्रष्ट नियत र व्यवहारले कलुषित भएपछि लोकतन्त्रको भविष्य स्वतः अन्धकार हुन्छ।

## भुमरीमा नेपाल

नेपालमा मतदाता भ्रष्टीकरणले चरम रूप लिइसकेको छ। यो दाबी गर्न कुनै खोजकर्ता हुनु आवश्यक छैन। उम्मेदवारले गर्ने करोडौं खर्चमा वैचारिक प्रकृतिका प्रचार सामग्री र प्रचारप्रसारको हिस्सा असाध्यै थोरै अनि कार्यकर्ता परिचालन, भोजभतेर र सीधै मत खरिदको अंश धेरै हुन थालेको छ। कार्यकर्ताहरू दलको आदर्शको प्रवर्द्धन र असल उम्मेदवारलाई सघाउन स्वस्फूर्त परिचालन हुन छोडेका छन्। परिचालित हुन पर्याप्त खर्चपानी, यातायात, पारिश्रमिक/सुविधा आदि अपरिहार्य हुन थालेको छ। टोलटोलमा सय र हजारमा पैसा लिएर भोटको ग्यारेन्टी गर्ने 'ठेकेदारहरू' जन्मिएका छन्। दलबदल गराउने दलालहरूको बिगबिगी छ। दलबदल आकर्षक उद्योगका रूपमा मौलाएको छ, जहाँ मौकाको सिकारबाहेक विचारधारा, आदर्श र नैतिकताका मुद्दा सर्वथा गौण छन। साथमा, संगठित गुण्डागर्दीका नाइकेहरू परिचालित छन्, मतदातालाई धम्क्याएर मत हाल्न बाध्य पार्नका लागि। तिनका उपल्लो तहका नाइकेहरू यो वा त्यो दलका शीर्ष नेताका वरिपरि घुमिरहेका छन्, पार्टीको केन्द्रीय पदाधिकारी वा मन्त्रीको कुर्सीमा आसीन छन।

मतदाताहरूको यस्तो भ्रष्टीकरणका मूल कारक चुनावी मैदानमा उत्रने उम्मेदवार र दलहरू नै हुन्। राजनीतिलाई नाफाको व्यवसाय, अझ भनौं, सहजै भ्रष्टाचार गर्ने माध्यम बनाउन चाहनेहरू पैसाको बोरा बोकेर चुनावी मैदानमा उत्रिएपछि त्यसलाई मौका सम्झेर 'सदुपयोग' गर्ने जमात उपलब्ध हुनु कुनै आश्चर्य होइन। त्यसैले मतदाताको भ्रष्टीकरणलाई अलग्गै 'थ्यौरी' बनाउनु आवश्यक छैन भन्ने चिन्तनधारा पनि नभएको होइन। तर, मतदाताहरू अरू सबै पक्षलाई चटक्कै तिलाञ्जली दिएर क्षणिक एवम् ससाना लाभको आकर्षणमा निरन्तर अयोग्य र भ्रष्टहरूलाई जिताउन उद्यत हुने अभ्यास नेपालमा जसरी परम्परा बन्दै छ, त्यो निश्चय नै गहन सामाजिक अध्ययनको विषय हो।

चुनावमा पैसा नै परिचालन हुनुपर्ने नियतिका अनेकौं कारण सतहमै देखिन्छन्। प्रतिस्पर्धामा हुने दलहरूबीचको वैचारिक विशिष्टता प्रस्ट छैन। सबै दलका सबै नेता उस्तै विचारशून्य, भ्रष्ट, अवसरवादी, त्याग र आदर्शहीन भएपछि मतदाताले मात्रै आफ्नो मत सित्तैंमा खसाल्नुपर्छ भन्ने छैन। यो व्यवहारवादी मान्यता अब सर्वव्यापी भएको छ। मध्यमवर्गभन्दा माथिको हैसियत हुनेहरूलाई यो देशको र आफ्ना सन्ततिको भविष्यसँग चुनाव र त्यसबाट निर्वाचित हुने नेता जोसुकै भए पनि कुनै फरक नपर्ने अवस्था छ। उनीहरूका सन्तति र आर्जेको धन बिदेसिइसकेका छन्। निम्नमध्यम वर्ग राजनीतिले आफ्नो रोजीरोटीका लागि नसघाउने निष्कर्षमा पुगेको छ। त्यसैले यस्ता चुनावहरू आफ्नो भ्विष्य सुधार्न कुनै पनि दृष्टिले अर्थहीन अनुभव गर्ने सिंगो पुस्ताको समग्र राजनीतिप्रति नै मोहभंग भएको छ। मुलुकको सम्भावित दुर्दशाप्रति पूर्णतः निरपेक्ष छ। त्यसैले उसको ध्यान हातमा जति भौतिक लाभ आएको छ, त्यसलाई उम्कन नदिनेमा छ। मतदाताको विवेक भ्रष्टाचारको बन्धकी हुन तयार भएको छ।

अब केही गर्नै सकिँदैन त ? आशावादी उत्तर पाइने कोणहरू कम बाँकी छन्। सुधारको आरम्भका लागि, राजनीतिक दलहरूले नै आफ्नो र आफ्ना कार्यकर्ताहरूको शुद्धीकरण गर्ने इच्छाशक्ति देखाउने हिम्मत गर्नु आवश्यक छ। प्रत्यक्ष दलीय पद्धतिको प्रतिस्पर्धा हटाएर स्थानीय चुनावलाई उम्मेदवारकेन्द्रित बनाउँदा केही असल पात्र सार्वजनिक पदहरूमा चुनिने सम्भावना बढ्छ। दलहरूको वैचारिक प्रस्टता, नैतिकता र इमानदारीलाई उम्मेदवारीको मापदण्ड बनाउने अभ्यासले समस्यालाई समाधान-उन्मुख बनाउँछ। निर्वाचन आयोग अव्यावहारिक नीतिनियम बनाउने, तिनको कार्यान्वयन बिलकुलै गर्न नसक्ने र आफ्नो संवैधानिक अधिकारको प्रयोग पनि दृढतापूर्वक गर्न नसक्ने लुते नियामकमा खस्किने क्रममा मात्रै पूर्णविराम लाग्न सके पनि मुलुकले ठूलै राहत पाउँछ। अहिलेलाई त यत्ति पनि ईप्सित विचार नै मात्र हो।

**साभार कान्तिपुर**

**सडक डिभिजन कार्यालय जस्पुर प्यूठानको सुचना**

१) सडक अतिक्रमण नगरौं, जिम्मेवार नागरिक बनौं ।
२) सडक अतिक्रमण गरी बनाइएका घर टहरा तथा संरचना तत्काल हटाऔं ।
३) सडकमा फोहोर नगरौं, निर्माण सम्बन्धी राखीएका सामग्री यथाशिघ्र हटाऔं ।
४) सडक क्षेत्रमा खाल्डो नखनौं, बिग्रिए मर्मत संभार गरौं, कार्यालयलाई खबर गरौं ।
५) सडक आसपास क्षेत्रमा ढुङ्गा, बालुवा, गिट्टी, ननिकालौं।
६) सडक क्षेत्रमा डम्पिङ नगरौं, घर बनाउँदा सडक कार्यालयले तोकेको दुरी कायम गरी निर्माण गरौं ।
७) सडक तोडफोड गरे वा बिगारेमा सडक ऐन अनुसार कारवाही हुनेछ ।

**विस्तृत जानकारीका लागि सडक डिभिजन कार्यालय जस्पुरमा सम्पर्क गरौं ।**

**अनुरोधक :**
**सडक डिभिजन कार्यालय**
**जस्पुर, प्यूठान ।**

# कविता

## मेरो प्यारो प्यूठान



गौमुखीमा सुन्दर बस्ती अर्खा रजवारा,
पुजा लिबाङ्ग खुङ अनि नारिकोट सारा।
लिवाँसे र ठूलाबेसी सबलाई पानीघाट,
मैले माया पाउन सक्छु दिएँ भनी साथ।

स्याउलीवाङका लालीगुराँस नौबहिनीको शान,
लिघा खबाङ देखाइ छोड्छन उनको स्वाभिमान।
देवालीले लुङ प्रख्यात फोप्ली झुलेनीले,
बाहाने नै स्वर्ग बन्छ गावै डामृ मिले।

ओखरकोट बाँदिकोट बाङ्गेमरोट झनै,
मनमोहक लोभैलाग्ने ठाउँमा मेरो मनै।
झिमरुक नदी किनारमा मच्छी अवस्थित,
तोरबाङ्गले तुषाराको चाहिरहन्छ हित।

तिमीलाई लाग्ला मरन्ठाना कोहीमा छैन कम्ती,
मैले देख्छु धर्मावती बाग्दुला र दम्ती।
दाखाक्वाडी बिजयनगर  किन होउन् र टाढा,
बिजुवारका मित्र सबै माझकोट जुम्रीकाँडा।

खलङ्गामा झाँक्रीथान जलबिद्धुत खैरा,
शिक्षा पाउँछन् अपाङ्गले जो छन् लाटाबैह्रा।
पर्यटकको रोजाइमा  पर्यो मल्लरानी,
रस्पुरकोटे दाजुलाई चाहिँ  चुँजा धरमपानी।

बिजुलीको कोटबाट बरौंलामा नजर,
दाङबाङ भन्छ राम्रो कामले बनौं अमर-अजर।
माडी भिमरुक संगमथलो धार्मिक ऐरावती,
पकला र धुवाङ पुग्दा सेवा मिल्छ अति।

**एकराज पोखेल (कुखुरी काँ)**

बर्जिबाङ बेलबास उतैतिर सारी,
कोचिबाङ गोठिबाङ भिंगृ स्वर्गद्वारी।
महाप्रभुको रस्तीबस्ती प्यूठान चिनाएको,
महाराजका अनुयायी हौं चिन्ता छ र केको!

मर्काबाङ उदयपुरकोट नयाँगाउँ र रम्दी,
छोरीचेली लेनदेन चल्छ तिराम यसै सम्धी।
गाँस्न पछि पर्नुहुन्न नाता रगतको,
माण्डवीले लेख्छिन् पक्कै गाथा जगतको।

बड्डाँडामा नास्तापानी  खाना  हंशपुर,
तरकारीमा अदुवाकै स्वाद न"पा हुँ र!
ती सरुमारानीले झन् पछ्याउँछिन् बढी,
बाङ्गेसालका कुनाकाप्चा राप्ती ढुङ्गेगढी।
दरभान हुँदै ददेरीमा गनाहा हुँदै दाङ,
सुचारु छ शुभयात्रा प्यूठान -भालुबाङ।

## गजल

आउन रमाऊँ बगान तिम्रै हो ।
खाईलाग्दो यो ज्यान तिम्रै हो ।

गर्नु पर्ने के थियो गरि हालौ न,
यो साझ अनि बिहान तिम्रै हो ।

बढीरह्यो गन्तव्यमा पाईलाहरु,
मैले गरेका ती योगदान तिम्रै हो ।

हतार नगरि बिस्तारै आउ बसौं,
भोलिपल्ट छुट्ने उडान तिम्रै हो ।

म खुसी रहन्छु तिमी साथमा हुँदा,
राखेको श्रिङ्गारको दोकान तिम्रै हो ।



**श्यामकुमार क्षेत्री मुस्कान**
*नौबहिनी गा.पा ८ बल्लेखोला प्युठान*
*हाल, भारत*

## मुक्तक

॥१॥
ए नियति कि त भाग्य फेर कि त साटिदे ।
कि त यो चेतना प्रवाह हुने नालै काटिदे ।
कि मुक्तिको मार्ग खोजी रहेछु स्वीकार गर,
ए धर्ती कि त समाहित गर् आफैंमा तँ फाटिदे।

॥२॥
भनिन्छ  जिन्दगीलाई  वास्तविक सूक्ति चाहिन्छ ।
अब्याबहारिक प्रवचनमात्र  होइन युक्ति चाहिन्छ ।
अर्ध मृत जीवन बाँच्न कसलाई रहर होला यहाँ,
जिन्दगीलाई सदैव जन्जिर होइन मुक्ति चाहिन्छ ।

॥३॥
क्षमादान दिँदा दिँदै विस्तारै चोर बिरालो शेर बन्छ ।
चोर्दाचोर्दै धपाउन जानुस् चिथोर्न खोज्छ अटेर बन्छ ।
क्षमा त अन्जान, अबोधलाई हो होइन बुझक्कडलाई
नगुमाउनुहोस् आत्मसम्मान अन्याय सहेर पीडा धेर बन्छ ।



**सृजना सरोवर**
*उदयपुर*

## गजल

ज्यान ठिक छ, मन बिमार छ फेरि ।
उता  प्यार छ यता घरवार छ फेरि ।

थाहा छ, अबैध हो तर आदत बन्यो,
उफ! आउने बाटोमै भन्सार छ फेरि ।

घरको तालाले दिल जोगाउन सकेन,
चाबी नदिने हुकुम लगातार छ फेरी ।

बच्चा जिद्दी छ, जानै पर्ने बाध्यता छ,
पुग्ने कसरी बाटोमा बजार छ फेरि ।

मुना निमोठ्यो इज्जत जोगाउनु पर्ने,
आफ्नाको अघि बाउ लाचार छ फेरि ।

म बहरबादी हुँ स्वतन्त्र रहेछ गजल,
होइन भनु पनि हर सेर दम्दार छ फेरि ।



**कोपिला शर्मा**
*धनगढी*

## गजल

जिन्दगी  होस्  कपासको जस्तै।
छुन सकोस् दिल बतासको जस्तै।

तिम्रो जरुरत परोस् मलाई अब,
प्राण यो  धान्ने श्वासको जस्तै।

बाँच्न  खोज्दैछु  यादमा  तिम्रो,
लाग्छ दिल जिउँदो लासको जस्तै।

दूर भए पनि तिमी मेरो लाग्छ,
झन् मुटु  आसपासको  जस्तै।

फूल जस्तो भनिन्छ जीवन यो,
होस् न चर्चा  सुवासको जस्तै।




**मधु कार्की**
*कमल गाउँपालिका २ झापा*
*हाल- विराटनगर*

# रोचक/प्रेरक प्रसङ्ग

## यी व्यक्तिले किन लगाए ९० पटक कोभिड भ्याक्सिन ?

बुस्टर डोजसहित धेरैमा ३ पटकसम्म कोभिड खोप लगाउने गरिएको छ, साधारणतया । तर जर्मनीमा एकजना व्यक्तिले भने ९० पटक कोरोना खोप लगाएका छन् । उनले आठ दर्जनभन्दा धेरै पटक कोरोना खोप लगाउनुको कारण कोरोनाबाट जिन्दगीभर बाँच्नका लागि भने होइन रहेछ । यसको निकै अनौठो कारण छ ।

वास्तवमा खोप लगाएका कार्डहरू बेचेर पैसा कमाउने धन्दा उनको रहेछ ।




पश्चिमा मुलुकहरूमा कोभिड खोप लगाउनै नचाहने मानिसहरूको संख्या धेरै हुँदा सरकारहरूले सबै नागरिकलाई कोभिड खोप पुऱ्याउने अभियान मै सफल हुन सकेका छैनन् । त्यस्तै कोरोना खोप लगाउन नचाहने व्यक्तिलाई आफू खोप लगाएका वास्तविक व्याच नम्बरसहितका कार्ड बिक्री गर्ने धन्दा ती वृद्धले गर्दा रहेछन् । जर्मनीको स्याक्सोनी राज्यस्थित मागडेबर्ग सहरमा बस्ने ६० वर्षका ती व्यक्तिको नाम भने खुलाइएको छैन । पछिल्ला धेरै महिनादेखि लगातार खोप लगाउँदै आएका रहेछन् । अन्ततः हालै त्यहाँको अपराध अनुसन्धान गर्ने प्रहरीले उनलाई पक्राउ गर्न सफल भयो । इलिनबर्गस्थित खोप केन्द्रमा उनी पक्राउ परेका हुन् । अघिल्लो दिन पनि खोप लगाएका उनी दोस्रो दिनसमेत खोप लगाउन आएपछि शङ्का लागेर उनलाई नियन्त्रण लिई सोधपुछ गर्दा उनको कर्तुतको पर्दाफास भएको हो ।

ती वृद्धविरुद्ध अनधिकृत रुपमा खोप कार्ड जारी गरेको तथा सरकारी कागजात कीर्ते गरेकोलगायतका अभियोगमा अनुसन्धान भैरहेको छ । प्रहरीले उनीसँगबाट धेरैवटा खाली खोपकार्ड बरामद गरेको छ । विभिन्न ब्राण्डका ९० वटा खोप लगाउँदा ती व्यक्तिको स्वास्थ्यमा कस्तो असर पर्ला भन्ने विषयमा अझै प्रष्ट भैसकेको छैन ।

स्मरण रहोस् भ्याक्सिन कार्ड विषयमा हुने गरेका ठगी तथा कीर्तेहरूका विरुद्धमा जर्मन प्रहरीले पछिल्ला दिनहरूमा व्यापक अनुसन्धान गरिरहेको छ । कोभिड खोप लगाउन नचाहनेहरूले यस्ता किर्ते कार्डहरू खरिद गर्ने गरेका छन् । जर्मनीमा कोभिड खोप लगाएको कार्ड नभएसम्म सार्वजनिक स्थानहरू, स्विमिङ पुल, रेष्टुरेन्टलगायतमा प्रवेश गर्न दिइँदैन ।

एजेन्सीको सहयोगमा

## गठबन्धन....

जिल्लाभरमा सबै पालिका र वडा अनुसार उम्मेदवारीमा दलहरुले आ-आफ्नै दाबी भएकाले निष्कर्षमा पुग्न समस्या भएको उनले बताए। यसअघि प्यूठानमा गठबन्धनका सबै दलहरु निर्वाचनमा संयुक्त गठबन्धन गरेर जाने कुराको छलफल सहमति नजिक पुगेको नेताहरूको दाबी गर्दै आएका थिए।

निर्वाचन लड्ने चाहाना राखेका कार्यकर्ताको चर्को दवावका कारण जिल्ला भरमै भागबन्डा गरेर तालमेल गर्न समस्या भएको गठबन्धनमा सहभागि एक नेताले जानकारी दिए । जिल्लाभरमै संयुक्तरुपमा तालमेल गरेर भागबन्डा गर्न प्राविधिक समस्या भएको भन्दै दलहरुले स्थानीय तहहरुमै व्यापक छलफल गरि तालमेल गर्ने कार्यकर्तालाई निर्देशन गरेका छन्। प्यूठानमा नेपाली कांग्रेस, नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी), राष्ट्रिय जनमोर्चा र जनता समाजवादी पार्टीबीच चुनावी तालमेल गर्नेगरी गठबन्धन गरेका थिए।

नगरपालिकाबासीलाई अनुरोध

व्यक्तिगत घटना दर्ता सप्ताह कार्यक्रम

२०७९ साल वैशाख १ देखि ७ गतेसम्म

जन्म, मृत्यू, विवाह, बसाईसराई र सबन्ध विच्छेद जस्ता घटना आफ्नो स्थायी वडा कार्यालयमा गई घटना घटेको ३५ दिन भित्रै व्यक्तिगत घटना दर्ता गरौं, गराऔं।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

अनुरोधक :
स्वर्गद्वारी नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
भिंगृ प्यूठान

### प्यूठानका फाँटमा चैते २ जातका धान रोप्न सुरू
# गत वर्ष परिक्षण कालमै भएको उत्पादनले किसानमा खुशी

रमेश विश्वकर्मा/विमला कौ

प्यूठान

प्राय दुई खेती मात्र हुने प्यूठानका केहि भागहरुमा यसपालि तीन खेती हुन थालेको छ । गत वर्षदेखि प्यूठानमा पनि चैते धान विस्तार गरिएको छ । असारमा रोप्ने धानलाई वर्षे धान र चैतमा रोपिने धानलाई चैते धान भन्ने गरिन्छ । पहिले प्यूठानका कुनैपनि क्षेत्रमा चैते धान देख्न मुस्किल पर्थ्यो । गत वर्षदेखि भने उक्त धान रोप्न समेत थालिएको छ ।

यसपालि प्यूठानका किसानले केहि फाँटहरुमा गहुँ वालि कटानी पश्चात 'चैते ५ र हर्दिनाथ १' जातका धान रोप्न थालेका छन् । गत वर्ष प्यूठान नगरपालिका वडा नं. २ क्वाँडीमा यो धान परिक्षणका लागि रोपिएको थियो । त्यसबाट राम्रो उत्पादन भएपछि यसपालि धेरै किसानले यि दुई जातका धान रोप्न लागेका हुन् । यस वर्ष प्यूठान नगरपालिका वडा नं. २ क्वाँडी, वडा नं. ८ गेजबाङ्ग, वडा नं. ९ बाक्से, वडा नं. १० मरन्ठाना र ऐरावती गाउँपालिका बरौलामा यी दुई जातका धान रोप्न थालिएको छ । गत वर्ष किसानहरुले चैते धान परम्परागत ढंगले नै रोपेका थिए । यस वर्ष भने धान रोप्न मेसिनको समेत प्रयोग गरिएको छ ।

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना प्यूठानका अनुसार यस वर्ष करिब ७ सय भन्दा बढि रोपनि जग्गामा चैते धानको खेती गरिएको छ । परियोजना कार्यान्वयन इकाई प्यूठानका कृषि अधिकृत चुमान सिंह गिरिले धानको जात अनुसार रोप्ने समय केहि दिन ढिलो भएको बताए । उनका अनुसार यो धान रोपेपछि उत्पादन दिन



१२५ देखि १३० दिनसम्म लाग्छ । 'चैतको दोस्रो हप्तातिर धान रोपेर असार १५ सम्ममा धान भित्र्याउन पर्ने हुन्छ । किसानहरुको विश्वास जित्न चैते धानको उत्पादनमा वृद्धि गरि आम्दानी समेत बढाउने लक्ष्यले यो खेतीको विस्तार गरिएको गिरिको भनाई छ । नेपाल कृषि अनुसन्धान परिषद (नार्क) ले निकालेका नयाँ जातहरुको धान प्यूठानमा परिक्षणका लागि लिएको उनले बताए । यसलाई कलस्तर मिलाएर ईच्छुक किसानहरुलाई भौगोलिक रुपमा हावापानी मिल्ने ठाउँमा दिने गरेको उनले बताए । जेठको अन्त्यतिरै धान पाकेन भने त्यसलाई बिक्री गरेर राम्रो मूल्य लिन नसक्ने अवस्था देखिएकाले हामीले किसानलाई छिटो रोप्न सल्लाह दिएका हौं,' गिरिले भने ।

नर्सरी व्यवस्थापन गर्न सके मेसिनबाट रोपिएको धानको उत्पादन धेरै लिन सकिने गिरिले बताए । 'नर्सरीमा तपक्रम मिलाएर बीउ राम्रोसँग हुर्काउन सके मेसिनबाट रोपिएको धानले कम लागतमा उत्पादन बढी दिने देखिएको छ, मेसिनले रोप्दा लाइन मिल्ने र बिरुवामा हावा खेल्न पाउने भएकाले रोग, किराको संक्रमण पनि कम हुन्छ,' उनले भने, धेरै किसान अहिले सिक्ने क्रममा छन्, जमिन चक्लाबन्दी गर्दै मेसिनले सहजरुपमा रोप्न मिल्ने गिरिले बताए । उनका अनुसार यस वर्ष प्यूठानमा अहिले परिक्षणका लागि धान रोप्ने चार पांग्रे मेसिन (फोर ह्वील राइस ट्रान्सप्लान्टर) समेत ल्याइएको छ ।

प्यूठान नगरपालिका २ क्वाँडीका प्रेम पौडेलले चैते ५ जातको धानको चामल स्वादिलो भएकाले सहजै राम्रो मूल्यमा बिक्री हुने र परालको पनि प्रयोग गर्न सकिने भएकाले किसानको रोजाइमा पर्न थालेको बताए । 'गत वर्ष परिक्षण कालमै १ रोपनि जग्गामा ८ मुरीसम्म धान उत्पादन भएकोले यस वर्ष क्षेत्र विस्तार गरि धान रोप्न थालिएको हो,' उनले भने ।

प्यूठान नगरपालिका ८ गेजबाङ्गकी बेगमा पण्डितका अनुसार यो धान परिक्षण कालमा भएपनि राम्रो उत्पादन हुने आफुले विश्वास लिएका बताईन् । परियोजनाले गत वर्ष र यस आर्थिक वर्षमा कृषकहरुलाई आधुनिक प्रविधिको प्रयोग, स्वच्छ र गुणस्तरीय बीउ, विषादी, प्रविधि हस्तान्तरण गर्नुका साथै बजारीकरणमा सहयोग गरेर किसानहरुको हौसला बढाएको थियो ।

# सिमान्तकृत समुदायको सहभागिता र सञ्चारको भूमिका विषयमा अन्तरक्रिया कार्यक्रम सम्पन्न

अन्जना गुरुङ्ग/मनिसा ठाकुर

प्यूठान

जागरण मिडिया सेन्टरले सिमान्तकृत समुदायको सहभागिता र सञ्चारको भूमिकाबारे सञ्चार कर्मीहरुसंग अन्तरक्रिया कार्यक्रम गरेको छ । शनिबार प्यूठानको जुम्रि स्थित होटल आयुष्मामा प्यूठानका विभिन्न मिडिया तथा सञ्चार माध्यमहरुमा कार्यरत पत्रकारहरुको उपस्थितिमा कार्यक्रम गरिएको हो । नजिकिदै गरेको स्थानीय तहको निर्वाचनलाई लक्षित गरि सिमान्तकृत समुदायको सहभागिताको सवाल, मतदाताहरु मतदान प्रक्रियामा सहभागि नहुने र सहभागि भएर पनि मत बदर हुने जस्ता सन्दर्भलाई मध्यनजर गरि यो अभियान सुरु गरेको आयोजकले जनाएको छ ।

स्वतन्त्र र निष्पक्ष निर्वाचन प्रक्रियाले निवार्चनको गरिमा र महत्व बढाउने र निर्वाचन प्रक्रियामा सीमान्तकृत समुदायको सहभागिताले त्यस समुदाय प्रति जवाफदेही जनप्रतिनिधि छनोट गर्न मद्दत गर्ने जागरण मिडिया सेन्टर का अध्यक्ष कमला विश्वकर्माले बताईन् । विभेदका कारण पछाडी पारिएको वा पछि परेको लिङ्ग, वर्ग र समुदायका नागरिकलाई राज्यको निति निर्माण र शासन प्रक्रियामा समावेश गराउनको लागि निर्वाचनमा सीमान्तकृत समुदाय र महिलाहरुको सहभागिताले लोकतान्त्रिक निर्वाचन प्रक्रिया बलियो हुने उनले



बताईन् । यसले मतदाताहरुलाई आफ्नो शक्ति र जनप्रतिनिधिलाई थप जिम्मेवार बोध गराउन समेत मद्दत गर्ने उनको भनाई रहेको छ ।

सीमान्तकृत समुदायमा जनप्रतिनिधिको नेतृत्व बहन गर्न सक्ने क्षमता भएपनि आर्थिक अभावका कारण पछि पारिएको उकदाहरण धेरै भएको भन्दै यसलाई न्यूनिकरण गर्न राजनैतिक दलले व्यवस्थापन गर्नुपर्ने सहभागि धनि दमाईले बताईन् । सेन्टरले ११ वटा जिल्लामा यो अभियान सञ्चालन गर्ने लक्ष्य लिएको र हाल प्यूठान सहित ५ जिल्लामा अन्तरक्रिया कार्यक्रम गरिसकेको आयोजकले जनाएको छ ।

जागरण मिडिया सेन्टरको आयोजना, वर्ल्डभ्यू नेपालको सहयोग र नेपाल पत्रकार महासंघ प्यूठानको समन्वयमा भएको कार्यक्रमको प्रमुख अतिथिका रुपमा महासंघका अध्यक्ष सञ्जय रिजाल रहेका थिए । सेन्टरका अध्यक्ष कमला विश्वकर्माको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन भने लोकेन्द्र सुनारले गरेका थिए ।

झुलेनी पोष्ट साप्ताहिक
समाचार, सूचना, विचार र विज्ञापन प्रकाशनका लागि हामिलाई सम्पर्क
०८६-५९०४३६
Email :
jhulenipyuthan@gmail.com

# छोटकरी

## अग्नि पिडितलाई परिवारलाई संघ संस्थाद्वारा राहत

सरस्वती घर्ति/विन्दु पोखेल

प्यूठान

जिल्ला प्रशासन कार्यालय प्यूठानका तर्फबाट प्यूठान जिल्लाका प्रमुख जिल्ला अधिकारी सुनिता नेपालले अग्नी पिडित परिवारलाई राहत प्रदान गरेकी छिन । ऐरावती गाउँपालिका वडा नं.४ तिल्केनीमा शनिबार बिजुली तार सर्ट भई ४ घरमा आगोलागी हुदाँ घरमा भएका सबै सामान जलेर नष्ट भएको थियो । नेपालले आईतबार पिडित परिवार समक्ष पुगेर नै प्रति परिवार रु १५ हजारका दरले आर्थिक सहयोग प्रदान गरेकी हुन । त्यसैगरी नेपाल रेडक्रस सोसाइटी प्यूठान शाखा सहित गाउँपालिका क्षेत्र भित्रका विभिन्न निकाय, संघ संस्था , नेता तथा समाजका अगुवा व्यक्तिहरुले खाद्यान लत्ता कपडा लगाएत सामाग्री हरु सहयोग प्रदान गर्दै आईरहेका छन । आगोलागीबाट स्थानिय गिर बहादुर खत्रीको घरमा भएको अन्य सामान सहित ६ लाख १६ हजार बराबरको सामान , सुन्दर गुरुङको करिव २ लाख, डिल बहादुर गुरुङको नगद रु २ लाख सहित ७ लाख बराबरको क्षती भएको छ । त्यस्तै ज्ञान बहादुर गुरुङको साढे ९ लाख बराबरको क्षती भएको वडाअध्यक्ष शंकर भण्डारीले जानकारी दिए । अहिले पिडित परिवार छिमेकीको सहारा लिएर बसिरहेका छन ।

## झिमरुक गाउँपालिकामा एक्लियो राजमो

वृन्दा गुरुङ्ग/गायत्री आचार्य

प्यूठान

प्युठानको झिमरुक गाउँपालिकामा तिन दलको गठबन्धन टुटेको छ । राष्ट्रिय जनमोर्चा अलगिएर नेपाली कांग्रेस र नेकपा (माओवादी) केन्द्रले दुई दलहरुविच मात्रै चुनावी तालमेल हुने निर्णय भएको हो । गाउँपालिका अध्यक्ष र उपाध्यक्षसहित बहुमत वडाअध्यक्ष जितेको राष्ट्रिय जनमोर्चालाई बाइपास गर्दै गठबन्धनका दुई दलले छुट्टै तालमेल गरेका हुन् । सोमबार भएको तालमेल सहमति अनुसार माओवादी केन्द्रले अध्यक्ष र कांग्रेसले उपाध्यक्ष पद लिएका छन् । यस्तै, वडाअध्यक्ष र सदस्यमा आपसी सहमतिका आधारमा बाँडफाँट गर्ने सहमति दुई दलबीच भएको छ । गएको स्थानीय तहको निर्वाचनमा गाउँपालिकाको अध्यक्ष र उपाध्यक्षमा राष्ट्रिय जनमोर्चाले जितेको थियो । यस्तै, सात वटा वडामध्ये जनमोर्चाले चारवटा वडामा सेटै जितेको थियो भने एउटा वडामा अध्यक्षबाहेक सबै सदस्य जितेको थियो । कांग्रेसले एउटा वडामा पुरै सेट र अर्कोमा अध्यक्ष गरी दुई वटा वडा र माओवादीले एउटा वडा जितेको थियो । एमालेले एउटा वडामा जित हासिल गरेको थियो । जिल्ला तहमा सहमति कायम हुन नसकेपछि पालिकास्तर मा दुई दलले सहमति गरेको विज्ञप्तिमा उल्लेख गरेका छन् ।

## बस दुर्घटनामा घाइते महिलाको उपचारको क्रममा निधन

अनिता पुन

प्यूठान

प्युठान बस दुर्घटनामा गम्भीर घाइते भएकी एक महिलाको निधन भएको छ । माण्डवी गाउँपालिका २ धन्चौर निबासी ५५ बर्षिय खिमा खड्काको ज्यान गएको हो । उनलाई राप्ती स्वास्थ्य बिज्ञान प्रतिष्ठान घोराहीमा उपचार पश्चात घर ल्याइएको थियो । उनको स्थानिय स्वाथ्य चौकी र घरमै परिवारले हेरचाह गरीरहेका थिए । उनको उपचारका क्रममा शनिबार राती ज्यान गएको पारिवारिक श्रोतले जनाएको छ । गत चैत ५ गते प्यूठानको माण्डबी गाउपालिका २ मर्काबाङ्ग अरख्खोला ढिकावनबाट दाङको घोराहीतर्फ जाँदै गरेको ना.३ख. ७१३२ नम्बरको बस दुर्घटना भएको थियो । त्यस दुर्घटनामा एक बालकको घटना स्थलमै मृत्यु भएको थियो ।

## प्यूठान अस्पतालका बिरामीहरुलाई फलफुल वितरण

स्नेहा शाह/देवा खनाल

प्यूठान

होटल व्यवसायि संघ तथा पर्यटन सुचना केन्द्र बिजुवार प्यूठानले नव वर्ष २०७९ को अवसरमा फलफुल वितरण गरेको छ । प्युठान अस्पतालमा रहेका २५ जना बिरामी र उनीहरूका आफन्तलाई जुस, पानी र फलफुल वितरण गरिएको हो ।

संघले हरेक वर्ष नयाँ वर्षको अवसरमा अस्पतालका बिरामीहरूलाई फलफुल वितरण कार्यक्रम गर्दै आएको संघका अध्यक्ष जुद्ध बहादुर कुँवरले बताए । कार्यक्रममा संघका प्रेस सल्लाहकार एलबि थापा, निवर्तमान अध्यक्ष गन्जमान थापा, होटेल व्यवसायि संघ लुम्बिनि प्रदेश महासचिव दधिराम भण्डारी, होटल व्यवसायि संघका केन्द्रीय सचिव चन्द्रलाल न्यौपाने, अस्पतालका डा. दिपेन्द्रजंग शाही लगायतले शुभकामना मनतव्य राखेका थिए । कार्यक्रममा बोल्दै डा. शाहीले होटल व्यवसायि संघ संगठित रूपमा मजवुद संगठन भएकाले अस्पतालमा सुत्केरि हुन आउने महिलाहरूलाई ब्लड डोनेशनको समेत ब्यवस्थाका लागि सहयोग गर्न आग्रह गरका हुन । यसैबिच नयाँ वर्षको अवसरमा संघले संघको सचिवालयमा शुभकामना आदानप्रदान तथा सम्मान कार्यक्रम आयोजना गरेको छ । संघका निवर्तमान अध्यक्ष गञ्ज बहादुर थापा प्युठान उद्योग वाणिज्य संघको मानार्थ सदस्य हुनुभएको अवसरमा सम्मान सहित अभिनन्दन गरिएको हो ।

सोही अवसरमा संघको प्रेस सल्लाहकारमा चयन भएका पत्रकार एलबि थापालाइ पनि स्वागत गरिएको छ । कार्यक्रममा सहभागी कार्यसमिति पदाधिकारि, सदस्य तथा उपस्थित सहभागिहरूबपच नया वर्ष २०७९ को शुभकामना आदानप्रदान गरिएको थियो । सोही अवसरमा होटल व्यवसायि तथा पर्यटन सुचना केन्द्र विजुवार प्युठानले प्रकाशन गरेको भित्तेपात्रोको बिमोचन गरिएको छ । संघका अध्यक्ष जुद्ध बहादुर कुवरको अध्यक्षता रहेको कार्यक्रमको सञ्चालन महासचिव लिलाधर न्यौपानेले गरेका थिए ।

## चैते धान..

पर्ने हुन्छ । किसानहरुको विश्वास जित्न चैते धानको उत्पादनमा बृद्धि गरि आम्दानी समेत बढाउने लक्ष्यले यो खेतीको बिस्तार गरिएको परियोजनाले जनाएको छ । नेपाल कृषि अनुसन्धान परिषद (नार्क) ले निकालेका नयाँ जातहरुको धान प्यूठानमा गत वर्ष परिक्षणका लागि लिएको थियो । राम्रो उत्पादन भएपछि यस वर्ष पनि किसानले चैतेधान रोपाइ गरेका छन् ।

प्यू.जि.प्र.का.द.नं. : ११/०७०/०७१
जि.हु.का.द.नं. : ९/०७२/०७३

झुलेनी युनाईटेड नेटवर्क प्रा.लि. प्यूठानद्वारा प्रकाशित समाचारमुलक पत्रिका
झुलेनी पोष्ट साप्ताहिक

# आफूसँगै स्वास्थ्य जिताउनुस्, 'मनको मेयर' बनेर कार्यकाल बिताउनुस्



**डा. सुवास प्याकुरेल**

स्थानीय तह वा निकाय भन्ने कि स्थानीय सरकार भन्ने विषयमा रुमल्लिराख्नु पर्ने अब कुनै तुक नै छैन। थुप्रै अधिकार पाएको परिस्थितिमा स्थानीय सरकार नै सुहाउने भाष्य हो।

स्वास्थ्य क्षेत्रको कुरा गर्नुपर्दा स्थानीय सरकार संचालन ऐनले नै किटानीका साथ तोकेका जिम्मेवारी र अधिकारलाई केलाउदा यस्तो लाग्छ कि मानौं त्यसभित्र स्वास्थ्य मन्त्रालय, स्वास्थ्य सेवा विभाग, मातहतका महाशाखाहरु, स्वास्थ्य बीमा बोर्ड, स्वास्थ्य अनुसन्धान परिषद, औषधि व्यवस्था विभागलगायत संघीय संरचनामा रहेका निकायहरु सोही भावमा तिनै निकायका मिनिएचर बनेका छन्। स्थानीय कानुन बनाउन समेत सामर्थ्र्य राख्ने स्थानीय सरकारको ताकतको कुरा गर्नै परेन, ल्याकतको कुरा मात्र गरे भो। शक्ति छ, आशक्ति छैनः ताकत छ, ल्याकत छैन।

त्यतिका धेरै स्रोत, साधन र शक्ति हुँदाहुँदै पनि धेरैजस्तो स्थानीय सरकारहरु भ्यु टावरले 'भ्यु पावर' मारेर, सडक र तडक-भडकमा पाँच वर्ष टारेर र कालोपत्रले बाँकि योजना अलपत्र पारेर बसेको गुनासो आयो। स्वास्थ्य सेवाको महत्वलाई शब्दै शब्दको जालमा सैद्धान्तिक राप अलाप्ने माध्यम बनाइएको पाइयो, धेरै पालिकाहरुमा।

कोभिडले सबैलाई झस्काइदिएर र जनताको दैनिकी प्रत्यक्ष खस्काइदिएर होला, महामारीको बेलामा भने आफ्नो जिम्मेवारी र अधिकारको केही रियलाइजेशन भएको तथ्यलाई भने मनदेखि नमन गर्नैपर्दछ। यद्दपी समग्रमा भन्नुपर्दा कतिपय स्थानीय सरकारहरुले स्वास्थ्यको गियर नै नलगाई स्टार्ट गरेर न्युट्रल गियरमा मात्र बसेको, धेरै जसोले संघ र प्रदेशबाट सोधनी भएका, कार्यक्रम तय भई आएका र रुटिन कामहरु जस्तैः स्वास्थ्य संस्था संचालन, आवश्यक औषधि र सामग्री खरिद, खोप कार्यक्रम आदिमै सिमित राखेको अर्थात जेनतेन एक नम्बर गियरसम्म लगाएको पाइयो। यस्तो फराकिलो बाटो हुँदा पनि तीन नम्बर, चार नम्बर गियरमा स्वास्थ्यको गाडी अगाडी बढेको कमै देखियो।

**केले रोक्यो होला त?**

**१- चुँडिएको समन्वयको डोरी**: स्वास्थ्य जस्तो प्राविधिक विधामा पहिलेदेखि चलिआएको 'चेन अफ कमाण्ड' र 'चेन अफ कम्युनिकेसन' चुँडिएर एकै चोटि स्थानीय तहमा नै अधिकार आउँदा धेरै आइटम भएको भोजमा पहिले के खाउँ, कहाँबाट सुरु गरौं भन्दाभन्दै भोकै परेझै बुझियो। न नीति नियम र कार्यक्रम माथिदेखिको कुलोबाट बगेर आइपुग्छ न त समन्वयकर्ता बनेर सिकाउन नै कोहि आइपुग्छ। कता कता स्विमिङ नै नसिकाई पुरै पौडी पोखरी तिम्रै हो भनी फकाएर खसालिदिए जस्तो। 'थाल खाउँ कि भात खाउँ' को अन्योलको स्थितिको डोज बढ्दै जाँदा अनिर्णय र उपलिब्धि बिहिनताको स्थिति आएको हुन पनि सक्दछ।

**२- खरिद बाहेकमा आकर्षण शून्यता**: राजनीतिप्रतिको आम बुझाइ नै 'बोली, भोली र झोलीले मर्म, धर्म र कर्मलाई लगाम लगाउने क्षेत्र' भनी बिम्ब बनिसकेको अवस्थामा स्वास्थ्य क्षेत्र आफैंमा सेवा क्षेत्र भएकाले स्थानीय सरकार र मेयरज्युहरुको राजनैतिक चुम्बकले तान्न नसकेको क्षेत्र हुन सक्छ। आम नागरिकले भन्ने गरेको 'स्वास्थ्य नै धन हो' भन्ने धारणा बिपरित स्थानीय राजनीतिमा 'स्वास्थ्य धन होइन' भन्ने भएको पनि हुन सक्दछ। जिम्मेवारी र अधिकारको चाङ्लाई आफूमाथि बिश्वास गरिएको अर्थमा भन्दा पनि जबर्जस्ति थोपरिएको अर्थमा पो बुझिएको हो कि झैं बुझिन्छ। किन्ने भनेपछि चार बित्ता उफ्रने र काम गर्ने भनेपछि घोसे मुण्टो फर्कने प्रवृत्तिको प्रष्ट रिफ्लेक्सन देख्न सकिन्छ।

**आकांक्षी उमेद्वारहरू अर्थात भविष्यका मेयरज्युहरू,**

१- संविधानको धारा ३५, स्थानीय सरकार संचालन ऐन-२०७४ को परिच्छेद-३ को धारा ११ अन्तर्गत खण्ड झमा उल्लेखित स्वास्थ्य सेवा र सरसफाई सम्बन्धी १२ वटा बुँदालगायत स्थानीय सुचना तथा अभिलेख राख्न पाउने सम्बन्धीको अधिकारका हरफहरु पढ्नुहोला वा नसके सल्लाहकारहरुलाई पढ्न लगाई के गर्न पाइने र के गर्नुपर्ने भन्ने बिषयमा प्रष्ट हुनुहोला।

२- गत कार्यावधीमै धेरै पालिकाहरुले जनस्वास्थ्य व्यवस्थापन सम्बन्धी स्थानीय कानुन जारी गरिसकेका छन् र विभिन्न विभाग र समिति/उपसमितिहरु बनाएर 'स्थानीय स्वास्थ्य मन्त्रालय' को झझल्को ल्याईसकेका छन।

३- आकर्षक नारा नै लगाउने हो भने पनि 'जन-जनको इच्छा, स्वास्थ्य र शिक्षा', 'धारा छानी छानी-स्वच्छ खानेपानी', 'हाम्रो पालिका, स्वस्थ बाल-बालिका', 'सबैजना, सबै वार्ड, जुन अस्पताल होस्,एउटै कार्ड', 'स्वास्थ्य बीमा, आधा फ्रीमा', 'गाउँ-टोल होस या घर, हरजन सफा, हरदम सुग्घर', 'आए महामारी, एक-एक तयारी' जस्ता नारा ल्याउन पनि सकिन्छ। तर यस्ता नारालाई सतही तवरले भन्दा पनि यसभित्रको गहिराइ बुझेर र यी नारा केवल शीर्षकमात्र नरहने शर्तमा ग्रहण गर्नुहोला।

**जितेपछिका कदमहरू यसरी अघि बढाउन सकिन्छ**:

- **स्वास्थ्यको गाडी स्टार्ट गर्ने**: चौबिसै घण्टा चलायमान हुने क्षेत्र भएकाले स्वास्थ्यमा काम गर्न कुनै साइत नकुर्ने वा भनौं जितेकै क्षणबाट स्वास्थ्यको गाडी स्टार्ट गरिहाल्ने र न्युट्रल गियरमा रहँदासम्म बाटोको साइज र गन्तब्यबारे अर्थात मिसन र भिजनबारे प्रष्ट रहने।
- **एक नम्बर गियर लगाइहाल्ने**: स्वास्थ्य क्षेत्रका बहुआयामिक स्थानीय विज्ञहरु सम्मिलित एक कमिटी बनाइ एक महिना भित्रमा नै स्थानीय स्वास्थ्य सेवा संचालन र नियमन सम्बन्धी ऐनको मस्यौदा बनाउन लगाई कानूनी मान्यता दिलाउने।
- **दुई नम्बर गियरमा जाने**: आवश्यक समिति/उपसमिति बनाई विशिष्ट क्षेत्रमा कार्यविभाजन गरिसकेपछि दैनन्दिनका लागि र नियमित कार्य संचालनका लागि स्वास्थ्य शाखा/महाशाखालाई चुस्त, दुरुस्त र स्रोत सम्पन्न बनाउने।
- **तीन नम्बर गियरमा लाने**: आफ्नो क्षेत्रभित्रको सबै नागरिक, स्वास्थ्य संस्था र त्यसका तथ्यांक वा मेडिकल रेकर्ड जोडेर आफैं भित्रको 'पालिका एकीकृत स्वास्थ्य प्रणाली' बनाउने र क्रमश त्यसैमा स्वास्थ्य बीमा कार्यक्रम, रेकर्ड, रिपोर्ट, स्वास्थ्य टिप्स, सर्भेलगायत जोडिने गरी पालिका स्वास्थ्य एप, नागरिक एप, प्रादेशिक स्वास्थ्य प्रणाली, अन्य अस्पतालहरु जोड्दै जाने र छुट्टाछुट्टै चल्ने चलन छोड्दै जाने।

अतः यस आसन्न चुनावका आकांक्षी उमेद्धारज्यूहरु, कृपया आफूसँगै लोक-स्वास्थ्य जिताउनुस र अबको पाँच वर्ष पुरै 'मनको-मेयर' बनेर बिताउनुस्, अग्रीम शुभकामना छ।

# यस्ता छन् जिब्रोमा देखिने ४ समस्या



जिब्रोको मुख्य कार्य स्वाद लिनु हो। तर, जिब्रोले मानिसको स्वास्थ्यका बारेमा पनि बताइरहेको हुन्छ। यदि जिब्रो स्वस्थ छैन भने त्यसले स्वास्थ्यमा समेत असर पारिरहेको हुन्छ। चिनिया चिकित्सा र नेचुरोप्याथीका अनुसार जिब्रोको सम्बन्ध शरीरका कयौं हिस्सासंग हुन्छ। जिब्रोको रंग र छालाका आधारमा स्वास्थ्य अवस्था पत्ता लगाउन सकिन्छ। डाक्टरले बिरामी जाँच्दा सबैभन्दा पहिले जिब्रो हेर्नु पनि यहीकारण हो। जिब्रोका आधारमा कुनै रोगको अनुमान गरिरहेका हुन्छन् डाक्टरहरु।

**जिब्रो सुक्ने समस्या**

जिब्रो सुक्नु आममानिसको समस्या हो। डिहाइड्रेसन वा स्लाइभरी ग्ल्याण्डको समस्याका कारण जिब्रो सुख्खा हुन्छ। यदि जिब्रोमा सुख्खापन या तनावमध्ये कुनै पनि लक्षण महसुस भएको छ भने डाक्टरसंग सम्पर्क गर्नुपर्छ। सही समयमा लक्षण थाहा पाएर उपचार गर्ने हो भने कयौं स्वास्थ्य समस्यालाई रोक्न सकिन्छ।

**सेतो पत्र जम्नु**

यदि जिब्रोमा पातलो सेतो पत्र जमेको देखिन्छ भने कुनै चिन्ता मान्नु पर्दैन। यो कुनै स्वास्थ्य समस्या होइन। तर, सेतो पत्र मोटो भयो र रंग गाढा सेतो भयो भने ब्याक्टेरियल संक्रमणको संकेत हुन सक्छ। चिनिया चिकित्सा पद्दतिअनुसार यस्तो हुनु पाचनप्रणालीमा गडबढीको संकेत हुन सक्छ। यस अवस्थामा भने डाक्टरसंग सम्पर्क गर्नुपर्छ।

**अल्सर या घाउ हुनु**

जिब्रोमा स-साना दुख्ने घाउ हुनु आम समस्या हो। तनाव तथा चिन्ताका साथै हर्मोनमा भइरहने परिवर्तनका कारण यस्तो हुन सक्छ। यो कुनै खास रोगको लक्षण पनि होइन। यस्ता घाउ केही दिनमै ठीक हुन्छ। तर, केही खास खालका घाउ या अल्सर शरीरमा एलर्जीको रियाक्सन, भाइरस संक्रमण तथा प्रतिरोधी प्रणालीमा गडबडीको संकेत हुन सक्छ। यदि जिब्रोको एकापट्टिमात्रै पीडा भइरहेको छ भने तत्काल डाक्टरसंग सम्पर्क गर्नुहोला। यस्तो समस्या क्यान्सरको लक्षण पनि हुन सक्छ।

**रंग परिवर्तन हुनु**

हल्का पहेंलो जिब्रोले शरीरमा आइरनको कमीको संकेत गर्छ। अर्कोतिर रातो जिब्रो खानामा नियासिनको कमीको संकेत गर्छ। यदि जिब्रो स्ट्रबेरी रंगको छ भने यसको अर्थ हो तपाईंलाई स्कारलेट फिभर हुन सक्छ। सेतो दाग ज्वरो, डिहाइड्रेसन, ओरल क्यान्डिडाइसिस, साइफिलिस गराउने ल्यूकोप्लेकियाका कारणले हुन सक्छ। जिब्रो सुन्निने र रातो हुने स्थितिलाई ग्लोसाइटिस भनिन्छ, जो ब्याक्टेरिया या भाइरस इन्फेक्सनको कारणबाट हुन सक्छ। यो संक्रमण मुखको ठीकसंग सफाई नगर्दा, जिब्रो छेड्दा या मसाला, रक्सी या सुर्तीको अधिक सेवनका कारणले हुन सक्छ। कयौंपटक जिब्रोको आकार पनि बढ्छ। यस अवस्थालाई मेडिकल भाषामा म्याक्रोग्लोसिया भनिन्छ। यो थाइराइड र हर्मोनको गडबडीले हुने समस्या हो।

## जनता..

महिला मेयर र २.३९ प्रतिशत महिला अध्यक्षहरू रहेका छन्। स्थानीय निर्वाचनले राजनीतिमा महिलाको सहभागितालाई समानुपातिक प्रतिनिधित्वतर्फ अग्रसर गरिरहेको छ। महिला, पुरुष, अन्य लिङ्गी जोसुकै नेतृत्वमा आए पनि आफ्नो नगर र गाउँलाई आत्मनिर्भर बनाउन भन्ने चाहना सर्वसाधारणको छ। सबैले आ-आफ्नो वडा, गाउँ र नगरपालिकाहरूलाई आत्मनिर्भर बनाउने अठोट लिएर काम गर्ने हो भने मुलुक स्वतः आत्मनिर्भर हुन्छ। जनताले चाहेको यही आत्मनिर्भरता हो। काङ्ग्रेस, एमाले, माओवादी, राप्रपा, लोसपा, जसपा, अन्य दल या स्वतन्त्र जो आए पनि मुलुक र जनता आत्मनिर्भरतातर्फ लाने नेतृत्व जनतालाई चाहिएको छ। जसले जे-जे सपना देखाए पनि अहिलेका लागि जनतालाई चाहिएको यत्ति नै हो।

## अनुभवले...

नहुने कुहिएर एवम् सडेर जाने र वेसिजनको वेला बजारमा तरकारी पुयार्याउन कठिन हुने उनको अनुभव छ। अन्य व्यापारीलाई तरकारी वेचेर आफ्नो घर खर्च पनि नआउने भएपछि उनले आफै उपभोक्ता सम्म तरकारी पुर्याउन थालेको बताइन्। उनले हिजोआज छिमेकी सगँ तरकारी खरिद गरी आफै बिक्री गर्ने गर्दछिन। तरकारी बेचेरै मासिक २५ देखी ३० हजार सम्म आम्दानी हुने घर्तीले बताइन। तरकारी खेती र तरकारी बिक्री बाटै ४ छोराछोरीहरुको खानपान र पढाई खर्च जुटाउदै आएको उनको भनाई छ।

**लैङ्गिक हिंसा विरुद्धको अभियान सफल पारौं**

घरेलु हिंसा, बलात्कार, कुटपिट, बोक्सी आरोपमा गाउँ निकाला, दाइजो प्रथा, बहुविवाह, बालविवाह, जवरजस्ती करणी र मानसिक तथा शारीरिक यातना अपहेलना र धम्काउनेदेखि जिस्क्याउने कार्य सामाजिक तथा कानुनी अपराध हुन्। कोहि कसैबाट त्यस्ता कार्य भए तत्काल स्थानीय जनप्रतिनिधि, न्यायिक समिति तथा प्रहरीमा खवर गरौं।

लैङ्गिक हिंसा विरुद्धको अभियान सफल पारौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## मकैं खेती लागि पि एच मान ७.०-७.३ भएको माटो उपयुक्त

# मकैं खेती कहाँ, कुन महिनामा, कुन जातको लगाउने

मकै नेपालको प्रमुख अन्नवाली मध्ये एक हो। हिमाल, पहाड, तराई सबै भेगमा मकैं उत्पादन हुने गर्दछ । मकैबाट ढींडो, रोटी, चिउरा, च्याँख्ला वा ग्रीटको भात आदि परिकार बनाएर खान सकिन्छ । पछिल्लो समय मकैंबाट खानेतेल पनि उत्पादन हुन थालेको छन् । मकैं खेतीको लागि पानी नजम्ने, मलिलो, दुमट तथा पि एच मान ७.०-७.३ भएको माटो उपयुक्त हुन्छ।

मकैं हिमाल, पहाड, तराई ठाउँ अनुसार भिन्न-भिन्नै जातको बिउ लगाउन उपयुक्त हुन्छ । साथै मकैंबालीको लागि गोडमेल, मलजल, रोग, रोप्ने विधि देखी व्यवस्थापन सम्मको जानकारी हुन आवस्यक छ । मकैंबालीको लागि कृषि व्यवस्थापन सूचना प्रणालीले तयार पारेका बुदाहरु निम्न प्रकारका छन् । जुन मकैं बालीको खेती गर्नेले जान्न निक्कै महत्पूर्ण छ।



१- तराई तथा भित्री मधेशका लागि उपयुक्त उन्नत मकैका जातहरु कुन कुन हुन् ?

-रामपुर कम्पोजिट, अरुण २, रामपुर २, अरुण १ जस्ता जातहरु तराई तथा भित्री मधेशका लागि उपयुक्त छन् ।

२- मध्य पहाडको लागि उपयुक्त उन्नत मकै का जातहरु कुन कुन हुन् ?

-खुमल पहेलो, मनकामना १, मनकामना ३, देउती, शीतला, मनकामना ४, पोषिलो मकै १, मनकामना ५, मनकामना ६ ।

३- उच्च पहाडको लागि उपयुक्त उन्नत मकै का जातहरु कुन कुन हुन् ?

-गणेश १, गणेश २ जस्ता जातहरु उच्च पहाडका लागि उपयुक्त हुन्छ।

४- तराईका मकैमा किन दाना नलाग्ने समस्या आएको होला ?

-मकैको धान चमरा निस्कने बेलामा बातावरणको तापक्रम १० डिग्री सेल्सियस भन्दा कम र ३५ डिग्री सेल्सियस भन्दा बढी भएमा दाना नलाग्ने समस्या हुन्छ।

५- तराईका मकैमा दाना नलाग्ने समस्याबाट बच्न के गर्नुपर्ला ?

-असोज या मंसिरमा मकै छर्न सकियो भने उक्त समस्याबाट बच्न सकिन्छ।

६- मकै खेतीको लागि कस्तो माटो उपयुक्त हुन्छ ?

-पानी नजम्ने, मलिलो, दुमट तथा पि एच मान ७.०-७.३ भएको माटो उपयुक्त हुन्छ।

७- मकैको बीउ दर कति हो ?

-लाइनमा लगाउँदाः ६७० ग्राम प्रति कठ्ठा वा १ के.जी प्रति रोपनी वा २० के.जी. प्रति हेक्टर

हलो पछाडि लगाउने हो भनेः १ के.जी. प्रति कठ्ठा वा १.५ के.जी. प्रति रोपनी वा ३० के.जी. प्रति हेक्टर बीउ पर्याप्त हुन्छ।

८- मकै रोप्दा बोट संख्या कति हुनुपर्दछ ?

साधारणतया मकैको बोट एक रोपनीमा २५०० बोट, एक कठ्ठामा १६६६ र एक हेक्टरमा करिब ५०,००० देखि ५५,००० बोट भएमा बढी उत्पादन लिन सकिन्छ।

९- मकै रोप्दा एक लहर देखि अर्को लहर र एक बोट देखि अर्को बोटको दूरी कति हुनुपर्दछ ?

यसको लागी एक लहर देखि अर्को लहर ७५ से.मी. र एक बोट देखि अर्को बोटको दूरी २५ से.मी. कायम गरेमा उक्त बोट संख्या कायम गर्न सकिन्छ।

१०- लेकमा मकै कहिले छर्ने ?

-लेकमा मकै फाल्गुण-चैतमा छर्नु राम्रो हुन्छ।

११- मध्य पहाडमा मकै कहिले छर्ने ?

-मध्य पहाडमा चैत-बैशाखमा मकै छर्नु राम्रो हुन्छ।

१२- तराई तथा भित्री मधेशमा बसन्ते मकै कहिले छर्ने ?

-फाल्गुण-चैतमा मकै छर्नु राम्रो हुन्छ।

१३- तराई तथा भित्री मधेशमा बर्षे मकै कहिले छर्ने ?

-बैशाख-जेठमा मकै छर्नु राम्रो हुन्छ।

१४- तराई तथा भित्री मधेशमा हिउँदे मकै कहिले छर्ने ?

-भदौ-असोजमा।

१५- मलखादको प्रयोग कसरी गर्ने ?

-डि.ए.पी. र पोटासको सम्पूर्ण भाग जमिन तयारीमा हाल्ने र यूरियाको आधा भाग बोट घुँडा घुँडा भएको अवस्थामा र आधा भाग जुँगा र चमर निस्कने बेलामा हाल्ने ।

१६- सिंचाईको हिसाबमा मकैको सम्बेदनशील अवस्था कुन हो ?

-जुँगा निस्कने अवस्था र दाना पोटिलो हुने अवस्था मकैको सम्बेदनशील अवस्था हो र यस्तो अवस्थामा माटोमा चिस्यान कमी देखिएमा सिंचाई दिनुपर्दछ।

१७- बसन्ते र हिउँदे मकैमा सिंचाईको हिसावले ख्याल गर्नुपर्ने कुरा ?

-बसन्ते र हिउँदे मकैका लागि रोप्ने बेलामा माटोमा चिस्यान कम भएमा सिंचाई गर्नुपर्दछ।

१८- मकैमा गोडमेल या झारपात ब्यवस्थापन कहिले गर्ने ?

-पहिलो गोडाई मकै उम्रेको ३ देखि ४ हप्ता भित्र गरिसक्नु पर्दछ। र दोस्रो गोडाइ पहिलो गोडाई गरेको ३ देखि ४ हप्ता पछि गरिन्छ । दोश्रो गोडाईमा उकेरा दिईन्छ।

१९- मकै भाच्ने बेला भयो भन्ने कसरी थाहा पाउने ?

-मकैको दाना उप्काई खोयामा गाडीने भाग तिर कोट्याई हेरेमा कालो पत्र देखिएमा मकै पाकेको निश्चित हुन्छ।

२०- मकै भाच्ने बेलामा चिस्यान कति हुनुपर्दछ ?

-साधारणतया मकैको दानाको चिस्यान ३० प्रतिशत भन्दा कम भए पछि भाँच्नु उपयुक्त हुन्छ।

२१- मकैलाई भण्डारण गर्दा चिस्यान प्रतिशत कति हुनुपर्दछ ?

-मकैलाई जति सक्दो बढी घाममा सुकाई भण्डारण गर्नु पर्दछ । भण्डारण गर्नको निमित्त १२ देखि १४ प्रतिशत चिस्यानमा ल्याउनु पर्दछ।

२२- मकै भण्डारणमा कीराको नियन्त्रण कसरी गर्ने ?

-एउटा सिडबीन (१ देखि २ क्विन्टल) मा एक चक्की सेल्फस राखी हावा नछिर्ने गरि बन्द गर्नु पर्दछ।

२३- मकैको गवारो नियन्त्रण गर्न के गर्नुपर्छ ?

-गवारोको आक्रमण देखिएमा सेभिन गेडा, थायोडेन गेडा, फोरेट गेडा, फ्युराडेन गेडा मध्ये कुनै एक ३-४ दाना मकै वोटको प्रत्येक गुवोमा ४र५ पातको अवस्थामा पहिलो पल्ट र २५र३० दिन पछि दोश्रो पल्ट प्रयोग गनु पर्छ।

२४- मकैमा किर्था नियन्त्रण गर्न के गर्नुपर्छ ?

-तपसिल अनुसार विषयुक्त चारा बनाई १० कि.ग्रा. प्रति हेक्टर छर्नु पर्छ । गहुँको चोकर-१ कि.ग्रा, क्लोरोडेन वा मालाथियन धुलो-५ ग्राम, सख्खर वा भेली-५ ग्राम र मुछ्न चाहिने जति पानी हाली छर्नुपर्दछ।

२५- मकै भण्डारणमा घुनबाट बच्ने वानस्पतिक उपाय के छ ?

-बोझोको धुलो २०-२५ ग्राम प्रति केजी अनाजका दरले राख्दा घुनबाट बचाउन सकिन्छ । भुसेतिलको तेल १-२ मि.लि. प्रति किलोग्राम अनाजका दरले उपचार गरेर थन्क्याएको अनाजमा घुन र पुतलीहरुले क्षति गर्न सक्दैनन् ।

२६- सुपर ग्रेन ब्याग भनेको के हो ?

-प्लाष्टिक झोला हो जसमा १२ प्रतिशत चिस्यान भएका अनाज या बीउलाई ८ महिना सम्म सुरक्षित भण्डारण गर्न सकिन्छ । यसमा ६५ केजी तौलसम्म बीउ भण्डारण गर्न सकिन्छ।

२७- दक्षिणी मकैको पात डढुवा रोगको नियन्त्रण उपाय के होला ?

-मकै रोप्नु भन्दा पहिले बीउलाई थिराम नामक बिषादीले १ किलो ग्राम बीउलाई २.५ ग्राम थिरामका दरले बीजोपचार गर्नुपर्दछ।

२८- उत्तरी मकैको पात डढुवा रोगको नियन्त्रण उपाय के होला ?

-मकै रोप्नु भन्दा पहिले बीउलाई थिराम नामक बिषादी ले १ किलो ग्राम बीउलाई २.५ ग्राम थिरामका दरले बिजोपचार गर्नुपर्दछ। र डाईथेन एम-४५, २ ग्राम प्रति लिटर पानीका दरले छर्नु पर्दछ।

२९- ध्वासे थेग्ले रोगबाट बच्ने उपाय के होला ?

-अवरोधी जातहरु लगाउनेः उच्च पहाडको लागि गणेश(१, गणेश(२ र मध्य पहाडको लागि देउती, शितला, मनकामना(३ ।

३०- मकैको श्रोत बीउ कहाँबाट प्राप्त गर्न सकिन्छ ?

-राष्ट्रिय बीउ बिजन कम्पनी, नेपाल कृषि अनुसन्धान परिषद् अन्तर्गतका कार्यक्रम, स्थानिय स्तरमा रहेका बीउ उत्पादक समूह या सहकारी, निजी कम्पनी र जानकारीको लागि जिल्ला कृषि बिकास कार्यलयमा सम्पर्क गर्ने।

३१- मकैको जातका नाम पछाडि राखिने अङ्कले के जनाउँछ ?

-जोडा अङ्कले मकैको दाना पहेलो जनाउछ, बिजोड अङ्कले दाना सेतो जनाँउदछ।

३२- मकै वालीमा मलखादको मात्रा कति प्रयोग गर्नु पर्दछ ?

-प्रति हेक्टर डि ए पि १५० के जी, युरिया २०० के जी, पोटास ५० के जी, गोबार मल १५००० के जी,

-प्रति रोपनी डि ए पि ७.५ के जी, युरिया १० के जी, पोटास २.५ के जी, गोबार मल ७५० के जी,

-प्रति कठ्ठा डि ए पि ५ के जी, युरिया ६.६ के जी, पोटास १.५ के जी, गोबार मल ५०० के जी,


"हामी सबैको एउटै रहर, पूर्ण सरसफाई यूक्त हाम्रो नगर,
पूर्ण सरसफाई यूक्त हाम्रो नगर, अब छैन कसैलाई रोगको डर"

**सम्पूर्ण नगरबासीमा प्यूठान नगरपालिकाको अपिल**

**फोहोर व्यवस्थापन सन्देश :**

- फोहोरलाई श्रोतमै बर्गिकरण गरी पुन: प्रयोग गरौं ।
- कुहिने फोहोरबाट कम्पोष्ट मल उत्पादन गरी कौशी खेती प्रर्बद्धन गरौं ।
- फोहोरको दिगो व्यवस्थापन गरौं, वातावरण संरक्षण गरौं ।
- नजाने फोहोर जाने मोहर
- फोहोर मैला व्यवस्थापन गरौं, जिम्मेवार नागरीक बनौं ।
- आफ्नो शहर सफा र स्वच्छ राखौं, सभ्य नागरिकको परिचय दिऔं ।
- कुहिने र नकुहिने फोहोर बर्गिकरण गरौं, २ छुट्टाछुट्टै भाँडामा संकलन गरौं ।
- हानिकारक फोहोरलाई साधारण फोहोरमा नमिसाऊँ ।
- फोहोरमैला व्यवस्थापनमा अग्रसर होऔं स्थानीय निकाय सित हातेमालो गरौं ।
- पुर्ण सरसफाईमा हाम्रो प्रतिबद्धता दिगो फोहोरमैला व्यवस्थापन आजको आवश्यकता ।

**कसैले देहायको काम गरेमा कसुर गरेको मानिनेछ ।**

- नगरपालिकाले तोकिदिएको समय र स्थानबाहेक अन्यत्र फोहोरमैला निष्काशन गर्ने ।
- घर, कम्पाउण्ड तथा परिसरको फोहोरमैला सडक वा अन्य सार्वजनिक स्थानमा राख्ने, फाल्ने वा थुपार्ने ।
- फोहोरबाट निस्केको दुषित पानी (लिचेट) वा ढल चुहाई अन्य व्यक्तिको घर जग्गा प्रदुषित गराउने ।
- सडक वा अन्य सार्वजनिक स्थानमा कुनै पनि किसिमको सवारी साधन विसाउने वा बिसाई रहेको सवारी साधन हटाउन इन्कार गर्ने ।
- जन-स्वास्थ्यमा प्रतिकुल असर पर्ने गरी सडक वा सार्वजनिक स्थलमा कुनै पनि किसिमको हानिकारक फोहोरमैला राख्ने, फाल्ने, थुपार्ने वा निष्काशन गर्ने ।
- श्रोतमै फोहोरमैलाको वर्गिकरण नगरी फोहोरमैला मिसाएर निष्काशन गर्ने ।
- मरेको वा मारेको पशुपंक्षी र सोको लादी, प्वाँख, हड्डि तथा माछाको कत्ला आदी सार्वजनिक स्थल, गल्ली, चोकमा राख्ने, फाल्ने वा थुपार्ने ।
- सार्वजनिक सवारी साधनबाट यात्रा गर्ने क्रममा झ्यालबाट सार्वजनिक स्थल तथा सडकहरुमा कुनै पनि प्रकारको फोहोर जन्य पदार्थहरु जथाभावी फ्याँक्ने ।

**सजाय : माथी उल्लेखित कसुर गर्ने व्यक्तिलाई स्थानीय निकायले पहिलो पटक भए रु. ५00, दोश्रो पटक भए रु.1000 र तेश्रो पटक वा सो भन्दा बढि पटक गरेमा रु. ३000 जरिवाना र फोहोरमैला उठाउन लाग्ने खर्च समेत निजबाट असुल गर्न सक्नेछ ।**

अनुरोधक :
प्यूठान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
विजुवार, प्यूठान



झुलेनी पोष्ट साप्ताहिक
समाचार, सूचना, विचार र विज्ञापन प्रकाशनका लागि हामिलाई सम्पर्क
०८६-५९०४३६
Email :
jhulenipyuthan@gmail.com

## गाउँपालिकाबासीलाई अनुरोध

# व्यक्तिगत घटना दर्ता सप्ताह कार्यक्रम

२०८९ साल वैशाख १ देखि ७ गतेसम्म

जन्म, मृत्यू, विवाह, बसाईसराई र सबन्ध विच्छेद जस्ता घटना आफ्नो स्थायी वडा कार्यालयमा गई घटना घटेको ३५ दिन भित्रै व्यक्तिगत घटना दर्ता गरौं गराऔं ।

अनुरोधक
**ऐरावती गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय, बरौला प्यूठान

## गाउँपालिकाबासीलाई अनुरोध

# व्यक्तिगत घटना दर्ता सप्ताह कार्यक्रम

२०८९ साल वैशाख १ देखि ७ गतेसम्म

जन्म, मृत्यू, विवाह, बसाईसराई र सबन्ध विच्छेद जस्ता घटना आफ्नो स्थायी वडा कार्यालयमा गई घटना घटेको ३५ दिन भित्रै व्यक्तिगत घटना दर्ता गरौं गराऔं ।

अनुरोधक
**गौमुखी गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय, लिवासे प्यूठान

## गाउँपालिकाबासीलाई अनुरोध

# व्यक्तिगत घटना दर्ता सप्ताह कार्यक्रम

२०८९ साल वैशाख १ देखि ७ गतेसम्म

जन्म, मृत्यू, विवाह, बसाईसराई र सबन्ध विच्छेद जस्ता घटना आफ्नो स्थायी वडा कार्यालयमा गई घटना घटेको ३५ दिन भित्रै व्यक्तिगत घटना दर्ता गरौं गराऔं ।

**अनुरोधक : सरुमारानी गाउँपालिका बङ्डाँडा प्यूठान**

## स्वास्थ्य मापदण्डको पालना गरौं ।

लैङ्गिक समानता बोलेर वा लेखेर मात्र प्राप्त हुँदैन । परिणाम प्राप्तिका लागि प्रत्येक व्यक्तिले व्यवहारिक सुरुवात आफैबाट गर्नुपर्दछ । परिवर्तनको प्रारम्भ आफ्नै घरबाट गरौं ।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

# भ्रुणहत्या अपराध हो

- लिङ्ग पहिचान गरी भ्रुणहत्या गर्नु अपराध हो ।
- त्यस्तो दुष्कर्म कसैले नगरौं, नगराऔं ।
- छोरा र छोरी दुबैको जीवन सुरक्षित गरौं ।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

## गाउँपालिकाबासीलाई अनुरोध

# व्यक्तिगत घटना दर्ता सप्ताह कार्यक्रम

२०८९ साल वैशाख १ देखि ७ गतेसम्म

जन्म, मृत्यू, विवाह, बसाईसराई र सबन्ध विच्छेद जस्ता घटना आफ्नो स्थायी वडा कार्यालयमा गई घटना घटेको ३५ दिन भित्रै व्यक्तिगत घटना दर्ता गरौं गराऔं ।

अनुरोधक
**नौबहिनी गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय, बाहाने प्यूठान


**झुलेनी युनाईटेड नेटवर्क प्रा.लि. प्यूठानद्वारा प्रकाशित झुलेनी पोष्ट साप्ताहिक**
अध्यक्ष : गिरुप्रसाद भण्डारी (९८५७८३३०५१), सम्पादक : दीपा घर्ति (९८५७८३६६७२)
कार्यालय : प्यूठान न.पा.-४, विजुवार भौकारोड, (फोन : ०८६-५९०४३६) इमेल : jhulenipyuthan@gmail.com मुद्रण : पौरखी अफसेट प्रेस बाग्दुला प्यूठान